# अध्याय एक

# परिचय

## १.१ अध्ययनको परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बाहुधार्मिक र बहुसंस्कृति भएको देश हो । नेपालका जातिहरुलाई हेर्ने हो भने धर्मग्रन्थ र पुराणसम्म पुग्न सकिन्छ। प्राचिन कालदेखि नै यहाँ उत्तर र दक्षिणबाट आएका विभिन्न जातिहरु बसोबास गरेको कुरा इतिहासमा उल्लेख छ । जात समाजिक स्तरिकरणको एउटा महत्वपूर्ण स्वरुप हो । जातले समाजको स्तरीकृत विभाजन गर्दछ । हिन्दु जात व्यवस्थामा महिला र पुरुषलाई एउटै भूमिका दिइएको हुदैन । पुरुषलाई उत्कृष्ट र महिलालाई निष्कृष्ट ठानेर काम गरिन्छ। पवित्रता र अपवित्रताको धारणा हिन्दुवादसँग सम्बन्धित छ। हिन्दु जात व्यवस्था अनुसार जातीय पवित्रताको व्यवस्थापन गर्न महिलाहरुको यौनिकतालाई नियन्त्रण गर्नु पर्दछ भन्ने दुष्टिकोण हुन्छ। उच्च जातिय महिलाहरुको रगतलाई निम्न जातिय पुरुषहरुको शारीरिक सम्पर्कले प्रदुषित गराउँदछ । त्यसकारण महिलाहरुको यौनिक स्वतन्त्रतालाई नियन्त्रण गर्नु उच्च जातिय मान्यता हो । पुरुषहरुको लागि बहुविवाह स्वीकृत मान्यता भित्र पर्दछ भने महिलाले भने यो अनुमति पाउँदैनन् । रजस्वला हुनु अगाडि नै युवतिहरुको विवाह, विधवा विावाहलाई बन्देज जस्ता प्रकृयाहरु हिन्दु उच्च जातिय अभ्याससँग जोडिएका छन् । उच्च जातको महिलाहरुमा बढी बन्देज हन्छ भने निम्न जातको महिलाहरुमा सम्बन्धविच्छेद गर्ने र पूर्नविवाह गर्ने थोरै अधिकार हुन्छ ।पुरुषको वंश अनुसार महिलाको जात निर्धारण हुने भएतापनि उनिहरुको यौनिकता, पवित्रतालाई निश्चित गर्ने कुरामा महत्वपूर्ण हुन्छ। रजस्वला हुनु अगाडि नै छोरीको विवाह भएन भने ब्राह्मण तथा क्षेत्री जातीमा बाबु आमा ठूलो पापको भागिदार हुन्छन् भन्ने कुराको विश्वास गरिन्थ्यो क्षेत्री (२०६१)।

सामाजिक परिवर्तनलाई एउटा सर्वव्यापी नियमको रुपमा लिने गरिन्छ । परिवर्तनको नियमसँग विश्वजगत र समाज पनि जेलिएको छ। यस मान्यता अनुसार सभ्यताको सुरुवातबाट अहिले सम्म समाज परिवर्तन हुदै आएको छ । अहिलेको समाज पनि परिवर्तनकै उपज हो । सामाजिक परिवर्तन भनेको मानिसहरु विचको सम्वन्धको स्वरुप, ढाँचा विशेष्तामा आउने भिन्नता हो । सामाजिक परिवर्तन कुनै एक व्यक्ति वा विशिष्ट मुल्य मान्यता, विवाह, व्यवहार, विचारको परिवर्तन नभएर समाजमा समस्त संस्था, संगठन र संरचनासँग सम्वन्धित हुने गर्दछ

। समाजशास्त्री मेकाईभर (२००३) ले भनेको छुन् "मानवका मानविय सम्वन्धमा र मानव निर्मित जीवनका अवस्थाहरुमा हुने परिवर्तन नै समाजिक परिवर्तन हो। सामाजिक परिवर्तनलाई एउटा सर्वव्यापी नियमको रुपमा लिने गरिन्छ । परिवर्तनको नियमसँग विश्वजगत र समाज पनि जेलिएको छ । यस मान्यता अनुसार सभ्यताको सुरुवातबाट अहिले सम्म समाज परिवर्तन हुदै आएको छ । अहिलेको समाज पनि परिवर्तनकै उपज हो ।

क्षेत्रीलाई नेपाल भित्र सबैभन्दा प्रखयात जात भने हुन्छ किनभने अभिराज्यका हरेक भाग हिमालदेखि मधेससम्म र मेचि देखि महाकालि सम्म जहाँ खोजेपनि पाइने जात हो । सुरुसुरुमा सबै ठाउँमा र आजकल भने कहिकहि मात्र क्षेत्रीलाइ चिनाउने अर्को नाम खस हो। त्यसो हुनाको कारण नेपाल पहाडका सबैजसो क्षेत्रीका पुर्खालाई खास भन्ने चलन भएकोले हो । यी खस जातिका पुर्खा हजारौ वर्षदेखि नेपालको कर्णाली प्रदेश र महाकालि वरिपरि वसिआएका थिए । क्षेत्री जातिमा एउटै थर भित्र विहे गर्ने चलन हुदैन। ठकुरी र राणाहरुमा बाहेक अरुमा फुपुचेली मामाचेली पनि विहे गर्दैनन् । पश्चिम एसियातर्फबाट आई भारतको पन्जाव र त्यसपछि गङ्गाजीको फाँटमा पुगेर वैदिक र पौराणिक हिन्दु धर्म तथा संस्कृतिको विकास गर्ने आर्थ जातिमध्येकै खस पुर्खाहरु यिनै थिए (भट्ट २०६९) ।

क्षेत्रीहरुको बसोबास पुर्व मेची देखि पश्चिम महाकालीसम्मका पहाडि जिल्लामा फैलिएर रहेको छ । क्षेत्रीहरुको बसोबास परम्परागत मुख्य पेशा शाही सेना, निजामति तथा प्रविधिक सेवाका अतिरिक्त कृषि हो । मानिसले आफ्नो अस्तित्वलाई कायम राख्नको लागि विभिन्न संस्कृतिको अभ्यास गरेको पाइन्छ। जसमा विवाह संस्कार एउटा महत्वपुर्ण संस्कृति हो । यसबाट परिवार र नातेदारी विस्तार हुन्छ। विवाहलाई मानिसले जन्मेपछि गरिएका विभिन्न संस्कारहरुमा महत्वपुर्ण संस्कारको रुपमा लिइन्छ। एतिहासिक कालदेखि नै विवाह एक संस्थाको रुपमा उत्पति र विकास हुदैं आएको छ । विवाहपछि मात्र परिवारको निर्माण हुन्छ । विवाह सम्बन्ध स्थापित गर्ने माध्यम भएको हुदाँ समाजमा यसको अति महत्व छ । आफ्नो जैविक र सामाजिक आवश्यकता परिपुर्तिका लागि विकास गरिएको विवाह संस्कृतिको विकास प्रत्येक समाजमा फरक-फरक किसिमले हुदै आएको छ ।

विवाह के हो ? सुरुमा त हामीले विवाहलाई बुभ्न आवश्यक रहेको छ । बहुजाति, बहुधार्मिक र बहुसंस्कृति भएको देश नेपालमा बिवाहा सम्बन्धि समान किसिमको धारणा पाउन सकिदैन। सामान्यतया मानिसका धेरै किसिमका आवश्यकताहरु हुन्छन् र ती आवश्यकता मध्ये योन आवश्यकता पनि एउटा अपरिहार्य र अनिवार्य रहेको छ। यस्तो आवश्यकतालाई व्यवसिथित

एवं नियन्त्रित ढङ्गबाट पुरा गर्न मानव समाजे अपनाएको स्वीकृति एवं वैधानिक प्रचलन नै विवाह हो । संसारमा विवाह गर्ने आ-आफ्नै तरिका हुन्छ । वास्तविक रुपमा विवाह भनेको एउटा केटा र केटीविचमा यौन स्वीकृति प्रदान गर्ने सामाजिक संस्कार हो । वृहत नेपाली शब्दकोषमा विवाहलाई “स्त्री र पुरुषका बीचमा पति पत्निको सम्बन्ध कायम गराउने धार्मिक एवं सामाजिक संस्कार” भनि उल्लेख छ ।

विवाह विश्वव्यापीरुपमा रहेको सामाजिक संस्था हो । यो मानव सभ्यताको सुरुवातसँगै अस्तित्वमा आएको मान्न सकिन्छ । विवाहलाई समाजशास्त्र तथा मानवशास्त्रमा एउटा सुक्ष्म तहको सामाजिक संस्थाका रुपमा लिने गरिन्छ । विवाहले एउटा संस्थाको रुपमा मानव जीवनमा यौन क्रियाकलापलाई व्यवस्थित र नियन्त्रित गर्ने गर्छ । मानवशास्त्री Malinowski (1994) भन्दछन् । “विवाह बच्चा जन्माउन र हुर्काउनका लागि करार हो ।

समाजशास्त्री (Johnson (2007) भन्दछन् ।“विवाह स्थिर सम्बन्ध हो । जहाँ महिला र पुरुषलाई समुदयको मापदण्डको आधारमा असर नपुग्ने गरि बच्चा जन्माउन सामाजिक रुपमा स्वीकृति प्रदान गरिएको हुन्छ ।”

कुनै पनि समाजमा विवाहलाई हेर्ने दृष्टिकोण त्यस समाजलाई निर्देशन गर्ने धार्मिक अवस्ताले प्रभाव पार्दछ । समय अनुसार विभिन्न समाजमा प्रचलित विवाह पद्धतिमा लामो समय अन्तरालमा धेरै परिवर्तन हुदै आएका छन् । औद्योगिकरण भन्दा अगाडिका विवाह पद्धति र औद्योगिकिकरण पछिको विवाह पद्धतिमा धेरै फर भएको पाइन्छ । यसरी समयअनुसार विवाहमा पनि धेरै परिवर्तन आएका हुनाले ववाहका बारेमा एउटै परिभाषा पाउन निकै कठिन छ । प्रत्येक सामाजिक संस्थाहरुको विकासक्रममा अनेक किसिमका परिवर्तनहरु देखपर्दछन् । परिवर्तनको नियमबाट विवाह पनि अलग हुन सकेको छैन । नेपालमा प्रत्येक जाति र समुदायमा प्रचलित विवाह संस्कारमा आ-आफ्नै मौलिकपनहरु पाइन्छनर । नेपालका प्रमुख टागाधारी जाति क्षेत्रीहरुको विवाह संस्कारमा विकासको क्रममा आएको परिवर्तनहरु ताहाँ पाउन आवश्यक रहेको छ ।

## १.२ समस्याको कथन

विश्वका विभिन्न ठाउँहरुमा भएका परिवर्तनहरु एक समाजबाट अर्को समाजमा प्रशारण हुने क्रममा नेपाली समाजमा पनि त्यसको ठुलो प्रभाव पारेको छ। त्यसैकारणले गर्दा अपनाइरहेको संस्कृतिहरुमा पनि निकै परिवर्तन भइरहेको छ । समयको अन्तरालसँगै विकास हुने क्रममा विवाहमा परिवर्तन हुदाँ संसारका सबै समाजहरुमा एकै नासले विकास भएको पाइदैन । कुनै समाजमा थोरै समयमा धेरै परिवर्तन भएको छ भने कुनै समाजमा धेरै समयमा पनि खासै परिवर्तन नभएको पाइन्छ। मानिसको जैविकिय आवश्यकताको रुपमा रहेको यौन सम्बन्धलाई व्यवस्थित गर्नको निम्ति विवाह संस्थाको उत्पति भएको छ ।

देशका विभिन्न ठाउँमा जातजाति र उनीहरुको संस्कृति सम्बन्धि समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धान कार्य भईरहेको देखिन्छ । बहुभाषिक, बहुजाति र बहुसंस्कृतिक भएको नेपालमा बेग्लै बेग्लै संस्कृति, भाषा, सामाजिक रहनसहन, परम्परा, भेषभुषा, मुल्य मान्यता बारे अध्ययन हुनु जरुरी छ किनभने यस्ता अनुसन्धानले संस्कृतिको जगेर्ना गर्ने, समाजको वास्तविकता पत्ता लगाउने, भावी पिढीलाई विभिन्न संस्कृतिको बारेमा जानकारी गराउने र उनीहरुलाई अध्ययन गर्न सजिलो बनाउनमा समेत सहयोग पुग्न सक्दछ । परम्परागत रुपमा चल्दै आएको संस्कृति, भाष, धर्म, मुल्यमान्यता, परम्परा, भेषभुषा, सहनसहन आदिमा के कसरी परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउन आवश्यक छ । यस्ता अध्ययनले एकातिर लोप भईरहेका सँस्कृतिलाई बचाउन मद्दत गर्छ भेने आर्कोतिर सामाजिक समस्याको कारकतत्व पता लगाई समाधान गर्नमा मद्दत पुग्नसक्छ । समाजका मुल्य र मान्यताहरुलाई जोगाउनका लागि विभिन्न संस्थाहरु स्थापना हुन थाल्यो । ती संस्थाहरुमध्य विवाह पनि महत्वपूर्ण संस्था हो । समाजमा आएको आधुनिकता सँगै आधुनिक विचारको विकास भयो र मानिसहरुले परिवर्तित सामाजिक सम्वन्ध स्थापित गर्ने क्रममा विवाहमा पनि परिवर्तन आयो ।

मानव समाजको उत्पतिको अवस्थामा विवाहरुपी संस्थाको कुनै अस्तित्व थिएन । खतिवडा (२००८) ,मानिसलाई आफ्नो सुरक्षा तथा खानाको आवश्यकता पुरा गर्न एक अर्काको सहयोग आवश्यक पर्नेर्ब भएकोले समाजको सिर्जना भएको हो । मानव विकास क्रममा विवाह संस्थामा धेरै परिवर्तन भएको छन् । सुरुको अवस्थामा रक्त सम्वन्धमा आधारित भएको विवाह पद्धतिमा

परिवर्तन भएर समुह विवाह, वहुपति विवाह, वहु पत्नि विवाह, वहु विवाह हुदै आज एकल विवाह पद्धतिमा आइपुगेको हो । अझै पनि गुरुङ्ग, मगर, राई जस्ता जनजातिमा मामाकी चेली फुपुको चेली विवाह गर्ने प्रचलन कायम हरेको भएपनि धेरैजसो समुदायमा नातेदारहरुको विचमा हुने विवाहलाई वर्जित गरिदै आएको छ । यसमा वैज्ञानिक तथ्य पनि रहेको छ । नाताभित्र विवाह गर्दा एकै किसिमको जीनहरु समिश्रण भई तिनीहरुबाट जन्मेका सन्तानहरुमा विभिन्न किसिमका विकृतिहरु देखिन्छन् । आधुनिक समयसम्म आइपुग्दा सूरुको यौन साभ्यवादी समाजको तुलनामा धेरै परिवर्तन भएका छन् । विश्वका विभिन्न ठाउँहरुमा भएका परिवर्तनहरु एक समाजबाट अर्को समाजमा प्रशारण हुने क्रममा नेपाली समाजमा पनि त्यसको प्रभावस्वरुप विवाह संस्कारमा धेरै परिवर्तनहरु भएका छन् । नेपाली समाज बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक भएकोले यहाँको धर्म, समाज, संस्कृति अनुसार विभिन्न किसिमका विवाह संस्कार रहेका छन् ।

क्षेत्री जातिले विवाहलाई एक महत्वपूर्ण संस्कृतिको रुपमा लिदै आएको छ। पसम्परागत रुपमा संयुक्त परिवारमा बस्ने क्षेत्री जातिहरुको हाल आएर एकल परिवारतर्फ उन्मुख हुदैछन् । एक्लै बस्दा छरितो र सुख बढी हुने, परिवारिक भार, आम्दानीको श्रोत, परिवारको सदस्यको स्वभाव आदि कारणले संयुक्त भन्दा एकल परिवार तर्फ समाज अगाडि बढदै छ। हिन्दु समाज अन्तर्गत पहिले ७-८ वर्षको उमेरमा रजस्वला नहुदै कन्याको विवाह गर्ने र विधुवा विवाह निषेधित थियो भने अहिले विधुवा विवाह र पारपाचुके गरी बसेकोले विवाह गर्न पाउने कानुनी प्रावधान छ। हालको मुलुकी ऐनले महिलाको उमेर १८ वर्ष र पुरुषको २१ वर्ष विवाह योग्य तोकेको छ । अर्न्तजातिय विवाह, विधुवा विवाह, प्रेम विवाह, कानुनी विवाह आदिलाई वर्तमानसमाजले स्वीकार्न थालिसकेको छ सिंह (२०७०)।

परम्परागत कालमा नेपाली समाजमा विस्तृत पारिवारिक संरचना थियो जहाँ पारिवारका सबै सदस्यहरु एउटै ठाउँमा धेरै पुस्तादेखि संगै बस्दै आएका हुन्थ्यो जसले गर्दा त्यस परिवारका आर्थिक अवस्था समेत मजबुत हुने गर्थो । र समाजिक हैसियत राम्रो हुने गर्दथ्यो । कुनै पनि परिवारले जातभित्रको व्यक्तिसंग मात्र विवाह गर्नुपर्ने हुन्थ्यो तर उक्त सम्बन्ध भएकासंग भने विवाह वजित थियो । त्यसैगरि समाजमा रहेका अन्य जातिको सम्पर्क र शैक्षिक विकासका कारणले स्वतन्त्रता र मौलिक अनुभुति हुन थाल्यो जसले गर्दा समाजका मुल्य र मान्यतालाई जोगाउनका लागि विभिन्न संसथाहरु खोलिन थाले । ती संस्थाहरुमध्य विवाह पनि एउटा महत्पुर्ण संस्था हो । समाजमा आधुनिक विचारको विकास भयो र मानिसहरुले परिवर्तित

समाजिक सम्बन्ध स्थापना गर्ने क्रममा विवाहमा पनि परिवर्तन आयो। यस्ता अध्ययनले एकातिर लोप भइरहे सांस्कृतिक कियाकलापलाई बचाउन मदत गर्दछ। भने अर्कातिर उनिहरुमा विधमान समाजिक समस्या कारक तत्वहरु पहिल्याई त्यसको समाधान गर्ने उपायहरु उचित कदम चाल्न मदत पुर्याउन सकिन्छ ।प्राचिन हिन्दु विवाह अन्तर्गत वहुमुल्यको प्रचलन रहेको थियो भने हाल आएर दाइजो प्रथाले प्रसय पाएको छ परम्परागत रुपले यज्ञ मण्डप स्थापना गरि विधि पुर्याएर विवाह गर्ने चलन अहिले पनि छ (भट्ट २०६९) ।

नेपाली समाजमा क्षेत्रीहरुको विवाह संस्कारमा आएको परिवर्तनबारे एक समाजशास्त्रीय अध्ययन गर्ने उद्देश्यले निम्न प्रश्नहरुलाई आधार मानिएको छ :-

१. अध्ययन क्षेत्रमा क्षेत्री जातिमा कस्तो प्रकारको विवाह प्रचलनमा छ ।

२. अध्ययन क्षेत्रमा पहिले र अहिले गर्ने विवाहमा के-कस्ता परिवर्तनहरु आएका छन् ?

३. क्षेत्री जातिको विवाहमा परिवर्तन आउनुका कारणहरु के-के हुन ?

## १.३ अध्ययनको उद्देश्य

आधुनिक कारणको प्रभावले गर्दा पुराना प्रचलन विस्तापित हुने र नयाँ विचार र प्रचलनहरु स्थापित हुँदै गइरहेका छन । देखासिकिका प्रभाव वा परिणामले गर्दा समाज दुर्त गतिमा परिवर्तन भइरहेको छ। नेपाली समाज विवाह पद्धती महत्वप्रण सस्थाको रुपमा रहेको छ। परमपरागत रुपमा चल्दै आएको वालविवाह, बहुविवाह, अनमेल विवाह, विवाहको छनौट, विवाहको उद्देश्यहरु आदिको समय अनुसार रुवरुप फेरिदै छ। धर्मसास्त्रमा उल्लेख भए अनुसार विवाहको उद्देश्य धर्म कमाउन सँग सम्वन्धित भएभनि वर्तमान अवस्थामा यसलाई जिवनसाथी प्राप्तीको अर्थमा लिने गरिन्छ ।

यस अध्ययनले के निधारित गर्न खोजेको छ भने कुनै पनि जात जातिको अध्ययनले व्यवसायिको मात्र नभएर समाग्र राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वद्धन गर्नमा ठूलो भूमिका खेल्ने छ। नेपाली समाजमा प्रचलित विवाह संस्कारमा आएको परिवर्तनहरुको अधययनमा यो अनुसन्धान रहेकोछ । यस अनुसन्धानको लागि हेटौंडा उपमहानगरपालिका वडा नं. ७ लाई अध्ययन क्षेत्र छानिएको छ । त्यँहा बसोबास गर्ने क्षेत्रि समुदायमा प्रचलित विवाह पद्धतिवारे अध्ययनलाई केन्द्रीत गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरु यस प्रकार रहने छन् :

१. अध्ययन क्षेत्रको क्षेत्रि जातिको विवाह पद्धतिबारे अध्ययन गर्ने ।

२. अध्ययन क्षेत्रमा प्रचलित विवाह र त्यसमा आएको परिवर्तन बारे अध्ययन गर्ने ।

३. अध्ययन क्षेत्रमा बासोबास गर्ने क्षेत्रिहरुको विवाहमा परिवर्तन ल्याउने कारक तत्वहरु पत्ता गलाउने ।

### १.४ अध्ययनको महत्व

कुनै पनि जातिको संस्कृति एकाएक आएर स्थापित भएको हुदैन। मानिसले आफ्नो आवश्यकता लाई व्यवस्थित ढंगवाट संचालन गर्नको लागि विभिन्न संस्था वा संस्कृतिको स्थापना गरेको पाइन्छ। परम्परागत रुपमा चल्दै आएका संस्कार वा संरचनाहरुमा के कस्तो किसिमको परिवर्तन आएको छ वा छैन । यदि आएको छ भने कस्ता आमुल वा सिमित परिवर्तन हो भन्ने जान्नु आवश्यक छ। परम्परागत मुल्य मान्यतालाई सधै एउटै किसिमवाट चलाउदै वा त्यहि कुरालाई निरन्तता दिदै जानु पर्छ भन्ने हुदैन। औद्योगिकरण, सहरीकरण, शिक्षाको प्रचार प्रसार, पशिचमी संस्कृतिको प्रभाव, संचारमाध्यमको वढि प्रभाव, विवाह सम्वन्धि कानुनी व्यवस्था अदि जस्ता कारणहरुले विवाहमा धेरै परिवर्तनहरु आएका छन् ।

नेपाली समाजमा प्रचलित विभिन्न धर्म, संस्कृति, मूल्यमान्यता, रितिरिवाज र संस्करहरमा आएको परिवर्तनहरुको अध्ययनहरुको अध्ययन गर्ने क्रममा नेपालका प्रमुख जाती क्षेत्रीहरुको विवाह संस्कारमा आएको परिवर्तनहरु र त्यसका कारणहरु विवाहलाई कस्तो प्रभाव पारेको छ र विवाहमा के कस्ता परिवर्तनहरु देखा परेका छन भन्ने वारे अध्ययन गर्नु आवश्यक भएकोले यो अध्ययन यिनै विषयमा केन्द्रित रहेको छ। यस अध्ययनमा समग्रमा क्षेत्री जातिको वैवाहीक पद्धतिकोवारेमा प्रचलनमा रहेको विषयलाई समेटने कोसिस गरिएको छ । त्यस्तै सामाजिक संस्थाहरुको वारेमा जानकारी लिन इच्छुक व्यक्ति वा संस्थाहरुलाई समेत यो सोधपत्रले सहयोग पुऱ्याउने छ ।

### १.५ अध्ययनको संगठन

अध्ययनको प्रस्तुस्त शोध अध्ययनलाई ६ वटा अध्ययामा विभाजन गरिएको छ। पहिलो अध्यायले अध्ययनको परिचय गराउँछ । पहिलो एकाईलाई पाँचवटा उपशीर्षकहरु अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठनमा विभाजन

गरिएको छ। दोस्रो अध्याय पुर्व साहित्यको समिक्षासँग सम्बन्धित छ। यो एकाईमा पनि नेपालका जातीय संरचना, सामाजिक साँस्कृतिक परिवर्तन सम्बन्धि अवधारणा र नेपाली समाजमा प्रचलित विवाह पद्धति गरी तीनवटा उपशीर्षकहरुमा विभाजित छन्। त्यस्तै तेस्रो अध्यायले यस अध्ययनको अनुसन्धान विधिको बारेमा व्याख्या गरेको छ । यस एकाईमा अध्ययनको क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, समग्रता र नमुना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत तथ्याङ्क संकलन विधिहरु तथ्याङ्कको विश्लेषण र व्याख्या र अध्ययनको सीमाको उल्लेख गरिएको छ । त्यसैगरी चौथो अध्यायमा उत्तरदाताहरुको सामाजिक, आर्थिक अवस्था अर्न्तगत लैङ्गिक, उमेरगत, शैक्षिक, पेशागत, धार्मिक, वैवाहिक र पारिवारिक अवस्थाको बारेमा तालिकाद्धारा देखाइएको छ । पाँचौ अध्यायमा क्षेत्री जातीको विवाह संकार र परिवर्तन अन्तर्गत शोध अध्ययनको उद्देश्य अनुसार क्षेत्र अध्यनबाट प्राप्त तथ्याङ्गहरुलाई विश्लेषण र तालिकाद्धारा प्रष्ट पार्न खोजिएको छ भने अन्तिम तथा छैटौं अध्ययामा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्याय दुई

### पूर्व साहित्यको समिक्षा

यस अनुसन्धान गर्नका लागि बाटो देखाउन क-कसले, कहिले, कहाँ र कसरी यस विषयसँग सम्वन्धित अनुसन्धान गरे भन्ने कुरा पूर्व साहित्याबाट पत्ता लगाउन सकिन्छ । अध्ययन कर्तालाई राम्रोसंग अगाडि बढाउन र उचित कार्यको दिशानिर्देशन गर्नकालागि आफ्नो अध्ययनसँग मिल्ने साहित्यको अधयययन गर्नु जरुरी हुन्छ । नेपालका क्षेत्रीय लगायत विभिन्न समुहहरुको विवाह संस्कारहरुको बारेमा विभिन्न अध्ययनहरु भएको पाइन्छ । जाति तथा जनजातिहरुको बारेमा विभिन्न विदेशी तथा स्वदेशी अनुसन्धानकर्ताहरुको अध्ययन गरेको छन् । क्षेत्री जातिको विवाह पद्धति र यसमा आएको परिवर्तनवारे कमै मात्र अनुसन्धान भएको पाइन्छ । परिवर्तनलाई सामान्य रुपमा समयको अन्तरालमा कुनै पनि वस्तु वा अवस्थाको संरचनामा आउने फेरवदलका रुपमा लिन सकिन्छ । परिवर्तनले कुनै पनि वस्तु वा अवस्थालाई पहिलाको भन्दा फरकरुप दिन्छ Fetche, (1964) भन्दछन् , "परिवर्तन पहिलेको अवस्था वा उत्पत्तिको ढाँचामा भिन्नता हो" । परिवर्तनले सधैंभरी समयलाई आत्मासाथ गरेको हुन्छ । त्यसैगरी सामान्य रुपमा भन्नु पर्दाा समाजमा आउने फेरवदललाई समाजिक परिवर्तन भनिन्छ । समाजका सम्पूर्ण पक्षहरुमा वा संरचनामा देखिएको बदलाबलाई सामाजिक पक्षको रुपमा लिन सकिन्छ । समाजशास्त्री Horton and Hunt (1964) ले सामाजिक परिवर्तनलाई समाजको समाजिक संरचना र सम्वन्धमा परिवर्तन आउनु नै सामाजिक परिवर्तन हो भनेका छन् ।

प्रसिद्ध नारीवादि लेखिका Lynn Bennett(1983) ले ब्राह्मण, क्षेत्री विवाह पद्धतिलाई विशेष ध्यान दिएर विश्लेषण गरेकि छन् । उक्त पुस्तकमा उनले विवाहलाई मानिसले जीवनमा गर्नु पर्ने महत्वपूर्ण संस्कारको रुपमा वर्णन गरेकि छिन् । विवाह दुई परिवार जोड्ने र नातोदारीको सिर्जना गर्ने माध्यमको रुपमा लिएको छ । समाजशास्त्रको पछिल्ला अध्ययनहरुले विवाहका स्वरुपलाई विभिन्न खालका समाजिक परिस्थितिसँग जोडेर विवह, प्रेम विवाह, र समाजिवादी विवाहलाई सामान्तवाद, पुजीवाद र समाजवादसंग पनि जोडेर हेरेको पाइन्छ ।

कुनै पनि कुरा स्थिर रुपमा रहदैन समय र स्थान अनुसार त्यसमा परिवर्तन देखिन्छ । खास इतिहासका कालखण्डमा जारी रहेको जर्वजस्ती गरेर गर्ने विवाह प्रेम विवाह हुदै समाजवादी विवाहमा प्रस्तुत भएको देखिन्छ । विवाहमा परिवर्तन हुनुलाई औद्योगिकिकरण, शहरीकरण, शिक्षा जस्ता कारणहरुले मद्दत पुगाएको पाइन्छ । क्षेत्रीहरुको विवाह साधारण तथा

आफ्नो जातिभित्रमा हुन्छ। क्षेत्रीहरुले छोरी चेलीलई पवित्र र पुज्यमानेर चाडपर्वमा टिका लगाई दक्षिणा दिने चलन छ। छोरीलाई कन्यादान दिई विहे गर्दा छोरीलाई घरजमको वन्दोवस्त हुने मात्र नभई पुण्य कमाउनका लागि विहे गर्ने गरेको पाइन्छ। छोराको विहे गर्दा काम गर्ने बुहारी पाएर खुसि हुन्छन् भने छोरी अरुलाई दिएर पुण्य हुन्छ भन्ने विश्वास लिइन्छ -विष्ट (२०६४)।

Regmi (1999) ले नेपाली समाजमा प्रचलित विभिन्न संस्कृतिहरुलाई विश्लेषण गरिका छन् । क्षेत्रीहरुको सम्पूर्ण संस्कृति हिन्दु धर्मशास्त्रबाट निर्देशित रहेको उल्लेख गरेको पाइन्छ । विवाहको उत्पति सम्वन्धि विभिन्न समाजशास्त्रीहरु र मानवशास्त्रीहरुको आ-आफ्नै मत रहेको पाइन्छ। मानवशास्त्री Morgan (1877) ले विभिन्न चरणहरुमा विवाहका विभिन्न स्वरुपहरु उत्पति भएको तर्क गर्छन । उनले परिवारको उत्पत्तिको लागि विवाहलाई बढी प्राथमिकता दिएको पाइन्छ । विवाहलाई परिभाषा गर्दा Hoebel (1958)ले "विवाह जसले विवाहित व्यक्तिहरुको आपसि सम्वन्ध, तिनीहरुको रक्त सम्वन्धि नाता, सन्तान तथा समाजको सम्वन्धलाई परिभाषित र नियन्त्रित गर्दछ। नेपाली समाजले एक विवाहलाई बढी प्राथमिकता दिएको पाइन्छ र यो विवाहको स्वरुप सबै भन्दा बढी प्रचलित छ। एक विवाह प्राचिन र आधुनिक जुनसुकै समाजमा पनि पाइन्छ। Malinowski (1994) ले पनि एक विवाहलाई विवाहको एक उत्कृष्ट रुप हो भनेकाछन्। नेपालको वि.सं. २०२० सालको मुलुकी ऐनले बहु विवाहलार्य निषेध गरी एक विवाहलाई प्राथमिकता दिएको छ ।

## २.१ नेपालमा जातीय संरचना

हिन्दु धर्ममा आधारित भएर समाजलाई स्तरीकृत बनाउने जन्मजात सामाजिक सदस्यता प्राप्त हुने, शुद्धता, अशुद्धता, पवित्रता, अपवित्रता, छोइछिटो, वंश, वंशाणु गुणका आधारमा सामाजिक सम्वन्ध स्थापना गर्ने समुह वा सामाजिक स्तरिकरणलाई जात भनिन्छ। स्थिति र भुमिका जन्मका साथ निश्चित गरिदिने तत्व हो जात जन्मले निर्धारण गर्ने, सांस्कृतिकरणले भिन्दा भिन्दै गोत्र, वर्ण आदिका आधारमा समाजका व्यक्तिहरुलाई सामाजिक सम्वन्ध, क्रियाकलाप, विवाह, खानपानमा विविधता र असमानता ल्याउने तत्व हो ।

जात नेपाली समाजको एउटा महत्वपूर्ण विशेषता हो ।नेपालमा हिन्दु विचारधाराको बाहुल्यता भएकाले जातको महत्व पनि नेपाली समाजमा बढी देखिन्छ। हिन्दु दर्शनालई हेर्ने हो भने जाति व्यवस्थाको उत्पति प्राचिन समयतिरबाट भएको पाईन्छ । ऐतिहासिक दस्तावेजहरुका अनुसार नेपाली समाजमा जातिय व्यवस्थाको सुरुवात लिच्छविकालबाट

भएको देखिन्छ। त्यसबेला समाजलाई ४ भागमा विभाजन गरिएको थिया। जसमा ब्रह्मण, क्षेत्री, वैश्य र शुद्र रहेको थिए । जातहरु खासगरि विशिष्ट पेशासँग जोडिएका छन् । Lundberg (1937) का अनुसार, "जात एक सामाजिक स्थानमा प्रदान गरिन्छ र जसका सम्पर्कहरु तोकिएको अनुसार प्रतिबन्धित हुन्छन् ।"

आधुनिक नेपालमा जाति व्यवस्थालाई मुलुकि ऐनमा नै व्यवस्था गरि उल्लेख गरियो। साथै मुलुकि ऐनमा सम्पुर्ण नेपाली समाजमा रहेका समुहहरुलाई खास खास जातीय समुहहरुमा आबद गरियो । मुलुकि ऐन सन् १८५४ ले उल्लेख गरेको जातीय स्तरीकरणलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ।

| | |
|---|---|
| **१) तागाधारी (अभिजात) :**<br>उपाध्याय बाहुन, राजपुत (ठकुरी), जैसि बाहुन, क्षेत्री देउभाजु, मधेसी, ब्राह्मण, सन्यासी, जैसी (अन्य), केहि नेवार जातहरु | **४) छोइछिटो हाल्नु नपर्ने :**<br>कसाई, कुसुले, धोवी (नेवार), कुलु, मुसरमान, म्लेछ (कुइरे) |
| **२) मतवाली, नमासिन्या :**<br>गुरुङ, चेपाङग, अन्य नेवार जात, मगर | **५) छोइछिटो हाल्नुपर्ने (अछुत) :**<br>कामी, सार्की, कडर, दमाई, गाइने, बादी, पोडे, च्यामे |
| **२) मतवाली, मासिन्या :**<br>भोटे, चेपाङ्ग, कुमाल, हायु, थारु, घर्ती | |

स्रोत : Hofer, 1979:45

वर्तमानमा आइपुग्दा नेपालको संविधानले कानुनी रुपमा नै जातमा आधारित भेदभावको अन्त्य गरेको देखिन्छ। छुवाछुतको प्रचलनलाई संविधानमा कुनै स्थान दिइएको देखिदैन। यधपि नेपाली समाज जाति व्यवस्थापनमा गहिरोसँग जकडिएको देखिन्छ। यस्तो व्यवस्थाले पेशा, खानाको ढाँचा, सामाजिक सम्बन्ध, विवाहको ढाँचा र अन्य धेरै कुराहरुमा प्रभाव पारेको देखिन्छ। Book of Sociology (1989) का अनुसार "जातले उत्पति तथा धार्मिक प्रतिवन्धमा आधारित रहने, तहगत स्थान ओगटेको सामाजिक नियन्त्रण गर्ने श्रेणीगत पद्धतिलाई जनाउछ।"

क्षेत्री जातलाई चिनाउने अर्को नाम खस हो। खस जातीको पुर्खा हजारौं वर्ष देखि नेपालको कर्णाली प्रदेश र महाकालीपारी भारतको कुमाऊ, गढवाल आदि प्रदेशमा बसिआएका थिए।

क्षेत्रीहरु धेरै शाही सेनामा सिपाहि देखि जनरल र कमाण्डर सम्म हुन्छन् । आजसम्म पनि शाही सेनाको माथिल्लो स्तरका अफिसरहरुमा धेरै जसो ठकुरी र क्षेत्रीहरु नै छन् । क्षेत्रीहरुको विहेवारी साधारणतया आफ्नो जातभित्र मात्र हुन्छ । ठकुरी र राणाहरुमा बाहेक अरुमा फुपुचेली मामाचेला बिहे गर्दैनन् । "आइमाइहरुको विवाहपछि र लोग्ने मानिसको ब्रतबन्धपछि मात्र जातले पाउने उचित स्थान पाई पुरा जातमा उकालिन्छ । बिहे नभएकि छोरी र ब्रतवन्ध नभएका छोराले जातको थन्को हुदैनन् । विष्ट (२०५२)

## २.२ सामाजिक सांस्कृतिक परिवर्तन सम्बन्धि अवधारणा

परिवर्तन प्रकृतिको एक शाश्वत एवं अटल नियम हो । मानव समाज पनि त्यहि प्रकृतिको एक अंश भएको कारणले परिवर्तनशिल छ । परिवर्तन एक त्यस्तो प्रकृया हो, जुन पहिलेको स्थितिमा केहि फेरवदल हुन्छ । यस प्रकार कुनै पनि वस्तुमा दुई भिन्दा भिन्दै समयमा देखिने भिन्नता नै परिवर्तन हो । यहा परिवर्तन शब्दले कुनै पनि चिज या वस्तुमा समय अन्तरालमा आउने फरकपन भन्ने बुझिन्छ । व्यक्तिमा भएको परिवर्तनको छाल परिवार, समुदाय हुदै मुलुक र विश्वमा ठोकिन्छ । त्यसैले परिवर्तनले सधैंभरि समयलाई आत्मसाथ गरेको हुन्छ । "समाज र समाजिक सम्वन्धबारे सवै भन्दा आम सत्य यिनको परिवर्तनशिलता नै हो । " मिश्र (२०६७)

समाज भनेको समाजिक सम्वन्धहरुको सञ्जाल हो । सामान्य रुपमा भन्नुपर्दा सम्पुर्ण समाज तथा त्यसको कुनै पक्षमा हुने परिवर्तनलाई नै सामाजिक परिवर्तन भनिन्छ । समाजिक परिवर्तन कुनै एक व्यक्तिको विशिष्ट मुल्य, मान्यता, कार्यविधि, व्यवहार तथा विश्वासको परिवर्तनसँग मात्र नभएर निश्चित समाजको सम्पूर्ण व्यक्तिहरुको व्यवहारमा आएको परिवर्तनको फलस्वरुप त्यस समाजको सम्पूर्ण पक्षमा हुने परिवर्तन हो । समाजिक परिवर्तन मानविय सम्वन्ध, संगठन, ढाँचा र मानिसको कार्य र विचारमा आउने परिवर्तन हो । द्यजगकबल बलम कबअजमभखब ९द्दण्ण्ड० समाजिक परिवर्तन भन्नाले समय अन्तरालमा समाजिक प्रकृया वा सम्वन्धमा आउने परिवर्तन भन्ने बुझिन्छ । भने मानिसले आफ्नो आवश्यकता परिपूर्ति गर्नको लागि सँस्कृतिको निर्माण गरेको पाईन्छ । संस्कृतिले मानिसको जिवनशैलि, रहनसहन, भेषभुषा आदिलाई बुझाउँछ । सँस्कृति स्थिर नभएर परिवर्तनशिल रहेको हुन्छ । भाषा, सम्पति, नैतिकता, सँगित, कला, नृत्य, प्रथा, विश्वास, कानुन, ज्ञान आदि कुराहरुमा आउने परिवर्तनलाई साँस्कृतिक परिवर्तन अन्तर्गत राख्न सकिन्छ । Davis (1945) का अनुसार, "साँस्कृतिक परिवर्तनले सम्पूर्ण परिवर्तनहरु, जुन

सँस्कृतिको कुनै भाग कला, विज्ञान, प्रविधि, दर्शन आदि लगायत सामाजिक सँगठनका स्वरुप र नियमहरुमा समेत अउने परिवर्तनहरुलाई समेट्छ ।

समाजिक साँस्कृतिक परिवर्तन विश्वव्यापि घटना हो तर पनि समाजिक साँस्कृतिक परिवर्तनको ढाँचा फरक फरक हुनसक्छ । समान्यतया भौगोलिक, जैविक, साँस्कृतिक प्राविधिक तत्वहरुले नै समाजिक साँस्कृतिक परिवर्तनका प्रमुख कारक तत्वहरु हुन् । समाजिक परिवर्तनले समाजिक संरचना र संस्थाहरुमा अउने बदलावलाई जनाउने गर्छ भने साँस्कृतिक परिवर्तनले सँस्कृतिका सम्पूर्ण पक्षहरु वा मानिसहरुको जीवनशैलीमा आउने परिवर्तनलाई जनाउने गर्छ ।

## २.३ नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरु

नेपाली हिन्दु धर्मको अवधारणा अुनसार विवाह एक धार्मिक संस्था हो । जसको अभावमा लोग्ने स्वास्नीको जिवन अपूर्ण हुन्छ । विभिन्न जातजाति, धर्म, सम्प्रदाय मिलेर बसेको नेपाली समाजमा हिन्दु धर्म संस्कृतिको बढि प्रभाव कसरी भयो भन्ने बारेमा समाजशास्त्री तथा मानवशास्त्रीहरुको एउटै मत पाउन सकिदैन । परिवार र विवाह एक आपसमा अर्न्तसम्वन्धित छन् ।

विभिन्न समय, स्थान, संस्कृति तथा उद्देश्यअनुसार विवाहका प्रकारहरु फरक फरक रहेका छन् । विवाहको परिवर्तित स्वरुपले गर्दा यसका फरक खालका स्वरुपहरु पनि प्रकट भएका छन् । नेपाली समाजमा समयको अन्तरालसँगै मागी विवाह, प्रेम विवह हुँदै समाजवादी विवाह प्रचलनमा आएको देखिन्छ । धर्मशास्त्रमा उल्लेख भएका जारी विवाह, विधुवा/विधुर विवाह, बाल विवाह, बुह विवाह आदिमा वर्तमान समयमा व्यापक परिवर्तन भएको देखिन्छश्रेष्ठ (२०५६) ।

नेपालमा विभिन्न विवाह पद्धतिहरु कायम छन् । नेपाली समाजमा विशेष रुपमा प्रचलित विवाहहरुमा एकल विवाह, बहु विवाह, सजातिय विवाह, विजातिय विवाह, नातागत विवाह, अन्तजातिय विवाह, मागि विवाह, प्रेम विवाह, अदालति विवाह, पुर्न विवाह, विधुर/विधुवा विवाह रहेका छन् । विशेष गरी हाम्रो समाजमा मागि विवाह बढी प्रचलनमा रहेको छ । जसमा केटा र केटी दुवै पक्षको राजि भएको हुन्छ । त्यस्तै अर्को प्रम विवाह पनि बढी मात्रामा चलनचल्तिमा आएको छ । आधुनिककिकरण र पश्चिमिकरणको प्रभाव स्वरुप विवाहका लागि केटा केटिको इच्छा अनुसार आफुलाई योग्य जोडि छान्ने प्रचलन बढदो छ । आधुनिकता सँगै अर्न्तजातिय

विवाहमा पनि परिवर्तन भईरहेको छ । आफ्नो जात भन्दा बाहिरको छानि छानि विवाह गर्ने परम्परालाई अहिले समाजले सजिलै स्विकारेको पाइन्छ सिंह (२०७०)।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

कुनै पनि अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि अध्ययन क्षेत्रको छनौटको कार्यलाई महत्वपूर्ण मानिएको छ । आफ्नो विषयसँग सम्वन्धित आवश्यक सुचना प्राप्त गर्नको लागि अध्ययन क्षेत्रको छनौटि हुनु आवश्यक छ। अध्ययन क्षेत्र विना कुनै पनि विषयको सुचना प्राप्त गर्न कठिन हुन्छ । यस अध्ययनको लागि हेटौंडा उपमहानगरपालिका वडा नं. ७ स्थित नाग्सोतिलाई अध्ययन क्षेत्र छानिएको छ। उक्त स्थानमा क्षेत्री जातिको बासोबास धेरै मात्रामा भएको र सोधकर्तालाई जानकारी भएको क्षेत्र भएकोले अध्ययनकोलागि यो क्षेत्र छनौट गरिएको छ । यस क्षेत्रको क्षेत्री जातिको विवाह पद्धती र यसमा आएको परिवर्तनको बारेमा अध्ययन केन्द्रित रहेको छ। आशा छ यस अध्ययनले हेटौंडामा रहेको क्षेत्री जातिको वैवाहिक परम्परालाई प्रतिनिधित्व गर्नेछ ।

यस अध्ययनका लागि छनौट गरिएको हेटौंडा उपमहानगरपालिका वडा नं. ७ मा बसोबार गर्ने क्षेत्री जातिको कुल घरधुरी १२९ मध्ये ५८ घरलाई छनौट गरिएको छ। यहाँ वास्तविक घरधुरी धेरै भएपनि एउटै बाबुआमाका छुट्टिएर बसेका दाजुभाईको परिवारको विवरण पनि जीवित बाबु वा आमाको तर्फबाट आउने भएकोले कम देखिएको छ। अध्ययनको लागि छनौट गरिएको क्षेत्री जातिको घरधुरीबाट मात्र उत्तरदाताहरु समावेश गरेको हुनाले यस विवरणलाई तालिका मार्फत देखाइएको छ ।

## ३.२ अनुसन्धान ढाचां

अनुसन्धान ढाँचा सिंगो अनुसन्धानलाई के कसरी सम्पन्न गर्ने भन्ने बारेमा प्रारम्भिक कार्य योजनाको पूर्व अनुमानित र प्रस्तावित विषय वा खाका हो । शोधकर्ताले अध्ययन गर्ने विषयको उद्देश्य अनुसार अनुसन्धान ढाँचा छनौट गर्नु पर्दछ। गुणात्मक तथ्यहरुमा आधारित रहि विवरणात्मक शैलिमा शोधपत्र तयार गरिने भएकोले गर्दा अध्ययनकोलागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। कुनै पनि समाजमा रहेको समस्यालाई व्याख्या गरी विवरण विवरणात्मक रुपमा प्रस्तुत गरी सम्वन्धित विषय वा समस्याहरुको सम्वन्धमा पर्याप्त तथ्याङ्क संकलन गरी अनुसन्धान गर्नको लागि वर्णनात्मक अनुसन्धान विधिलाई प्रयोग गरिएको छ ।

## ३.३ समग्रता र नमुना छनौट विधि

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. ७ को कुल क्षेत्रफल ३.८५ वर्ग किलोमिटर रहेको छ। यस वडाको कुल जनसंख्या ४,३६१ रहेको छ भने कु घरपरिवार संख्या ९३१ रहेको छ। जसमध्ये २,०६० पुरुष र २,३३१ महिला रहेका छन्। यस वडामा ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, राई, तामाङ्ग र विश्वकर्मा लगाएतका जातिहरुको बसोबास रहेको छ।

शोध अध्ययनमा सम्रतालाई लिन नसकिने हुदाँ नमुना छनौट विधिलाई अपनाइएको छ। नमुना छनौट भनेको त्या विधि हो जहाँ छनौट गरिएको एकाइले समग्रताको प्रतिनिधित्व गर्न सकोस। यस शोध अध्ययनका लागि यिनै १२९ घरधुरीमध्येबाट सामान्य दैनिक नमुना छनौट विधि अर्न्तगत चिठ्ठा प्रणालीबाट ५८ घरधुरीमा प्रत्येक घरधुरीबाट एक जना विवाहित जोडिलाई नमुनाको रुपमा लिई अध्ययन गरिएको छ। यस शोधमा बृद्ध देखि युवा विवाहित जोडिलाई समावेश गरिएको छ।

कुनै पनि शोध अध्ययन कार्यमा समग्र क्षेत्रको तथ्याङ्क संकलन गर्न कठिन हुन्छ। कुन क्षेत्र र कति घरधुरीलाई समग्र मान्ने भन्ने कुरा अध्ययन क्षेत्रको अवस्था, अनुसन्धानकर्ताका समय तथा स्रोत साधानमा निर्भर रहन्छ। निश्चित क्षेत्रबाट कुनै अनुसन्धान विधि अपनाएर गरिएको नमुनाले समग्रताको प्रतिनिधित्व गरेको हुनुपर्दछ। यस अध्ययनको लागि हेटौंडा उपमहानगरपालिका वडा नं.७ को नाग्सोतिमा बसोबास गर्ने क्षेत्रीहरुलाई समग्रतामा लिइएको छ। यिनै क्षेत्री परिवारको प्रतिनिधित्व हुने गरी १२९ घरधुरीमध्य समग्रतावाट ५८ घरधुरीलाई अध्ययन अुनसन्धानको नमुना क्षेत्रमा छनौट गरि तथ्याङ्क लिइएको छ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

विशेष गरी तथ्याङ्क गुणात्मक र संख्यात्मक गरि दुई किसिमको हुन्छ। शोध अनुसन्धानको उद्देश्य पुरा गर्नकोलागि यस शोध अध्ययनमा गुणात्मक र संख्यात्मक प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ भने संख्यामा व्यक्त गर्न सकिने तथ्याङ्कलाई संख्यात्मकमा समावेश गरिएको छ। तथ्याङ्क संकलन गर्ने क्रममा एकै प्रकारका तथ्याङ्कवाटमात्र शोध अध्ययन पुरा नहुने भएकोले यस अध्ययनलाई निम्न दुई प्रकारका स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताले आफै तथ्याङ्क संकलन गर्नको लागि आवश्यक ठाउँमा जाने र अवलोकन, भेटवार्ता, प्रश्नावली आदि माध्यमवाट सुचना संकलन गर्ने विधि नै प्रथमिक स्रोत हो । शोध अध्ययनका लागि अुनसन्धानकर्ता अध्ययन क्षेत्रमा गएर आवश्यक सुचना संकलन गरिएको छ । अर्न्तवार्ता र अवलोकनको माध्यमवाट गुणात्मक र संख्यात्मक प्रकृतिक तथ्याङ्ककहरु संकलन गरिएको छ जसको माध्यमवाट सामाजिक, साँस्कृतिक परिवर्तनका साथै क्षेत्री जातिको विवाहको स्थितिको पनि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

अरुले नै अनुसन्धान गरेको प्रतिवेदन, लेख, रचना आदिलाई आधर बनाएर तथ्याङ्क संकलन गर्नु नै द्वितिय स्रोत हो । जुन तथ्याङ्क तयारी स्वरुपका हुन्छन । प्रथमिक स्रोतबाट मात्रै अुनसन्धान पुरा नहुने हुँदा द्वितिय स्रातको प्रयोग गरिएको छ। यस अन्तर्गत विषयसँग सम्वन्धित लेख, रचना, सरकारी तथा गैरसरकारी संस्थाबाट प्रकाशित पत्रपत्रिका, प्रतिवेदन, पुस्तक आदिको आधारमा अध्ययन गरि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलनका विधि अन्तर्गत अनुसन्धानको उद्देश्य, विषयवस्तुको समस्या, अनुसन्धानकर्ताको क्षमता, अध्ययन क्षेत्रको अवस्थालाई ध्यानमा राखेर अन्तवार्ता, अवलोकन र मुख्य सुचनादाताको अर्न्तवार्ता आदिको माध्यमवाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अर्न्तवार्ता

अध्ययन अनुसन्धानमा अर्न्तवार्ता एउटा महत्वपूर्ण तथ्याङ्क संकलनको साधन हो । अनुसन्धान गर्ने क्रममा उत्तरदातासँग प्रत्यक्ष रुपमा संलग्न भई तथ्यङ्क संकलन गरिने हुँदा यस्तो तथ्याङ्कमा विश्वसनीयता र बैधता हुन्छ। शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई उत्तरदाताहरु सँगै बसेर अर्न्तवार्ता लिई आवश्यक तथ्याङ्क संकलन गरिएको छ । यस विधिबाट क्षेत्री जातिको जनसंख्या, पारिवारीक प्रश्नको माध्यमबाट अर्न्तवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

अवलोकनले तथ्याङ्क संकलन गर्दा अर्न्तवार्ता विधिबाट छुटेका कुराहरुलाई प्रत्यक्ष रुपमा संकलन गर्ने काम गर्छ । यसमा सोधकर्ता प्रत्यक्ष रुपमा संलग्न भई आफुले देखेका कुराहरुलाई नियालेर तथ्याङ्कको रुपमा संकलन गरिएको छ । शोधपत्र तयार गर्ने क्रममा अध्ययन क्षत्रका उत्तरदाता, त्यहाँको भौगोलिक अवस्था, व्यवस्थागत पक्षहरु, परिवारिक बनावट, संस्कृति आदि पक्षहरुलाई आफ्नै आँखाले हेरेर अवलोकन विधिबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ मुख्य सुचनादातासँगको अर्न्तवार्ता

तथ्याङसंकलन गर्ने क्रममा शोधकर्ता स्वयम् सम्वन्धित व्यक्ति वा संस्थामा प्रत्यक्ष सहभागि भई सहि सुचना वा तथ्याङ्क संकलन गरिएको छ । शोधकर्ता र उत्तरदाता सँग बसेर तयार पारिएको प्रश्नहरुद्वारा आवश्यक तथ्याङ्क संकलन गरिएको छ । क्षेत्रीका विशेष व्यक्तिहरु, विभिन्न संस्थाहरु, पुराना व्यक्तिहरुबाट अर्न्तवार्ता लिई सहि सुचना लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्यख्या

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएको तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । प्राथमिक र द्वितिय स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ । गुणात्मक प्राकृतिका सुचनालाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ भने संख्यात्मक प्रकृतिको तथ्याङ्कलाई आवश्यकता अनुसार वर्गिकरण, तालिकिकरण र प्रतिशतमा लगेर व्यवस्थित क्रममा राखिनेछ । वर्गिकरण तथा तालिकिकरण गरिएका तथ्याङ्कहरुलाई प्रकृति अनुसार विश्लेषण गरी सोध अुनसन्धान कार्यलाई पूर्णता दिइएको छ ।

## ३.७ अध्ययनको सिमा

प्रत्यक अध्ययन अनुसन्धानको आ - आफ्नै सीमाहरु हुन्छन् । यस अध्ययनलाई नेपालका क्षेत्री जातिको विवाहमा आएको परिवर्तनहरु र परिवर्तनका कारक तत्वहरुको विश्लेषणमा सिमित गरिने छ । यो अध्ययन हेटौडा उपमहानगरपालिकाको वडा नं. ७ मा मात्र केन्द्रित भएको छ । अनुसन्धानमा तयार पारिएको विधि वा उद्देश्य भन्दा बाहेक अरु पक्षलाई समेट्ने छैन । यो अनुसन्धानले देशको अरु भु - भागमा रहेका क्षेत्रीहरुको संस्कृति र विवाहको स्वरुपमा प्रतिनिधित्व नगर्न पनि सक्दछ । निश्चित उद्देश्यको आधारमा अनुसन्धान केन्द्रित रहेको छ ।

# अध्ययय चार

# उत्तरदाताहरुको सामाजिक आर्थिक अवस्था

## ४.१ लैङ्गिक अवस्था

यस अध्ययन क्षेत्र लिङ्गका आधारमा ५८ वैवाहिक जोडि अर्न्तगत ३२ महिला र १६ पुरुष रहेका छन् । यि महिला र पुरुषहरु २० वर्षदेखि ६० वर्ष भन्दा माथिको उमेरका रहेका छन् । अध्ययनमा समावेश गरिएका घरधुरीमा बसोबास गर्ने उत्तरदाताहरुको लैङ्गिक विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. १ अध्ययनमा छनौट उत्तरदाताको लैङ्गिक विवरण**

| सि.नं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ३२ | ५५.१७ |
| २. | पुरुष | २६ | ४४.८३ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

यस अध्ययनमा छनौट गरिएका घरधुरीहरुमा संलग्न उत्तरदाताहरुमध्ये आधा भन्दा बढी ५५.१७ प्रतिशत महिलाहरु रहेका छन् भने आधा भन्दा कम ४४.८३ प्रतिशत पुरुष उत्तरदाताहरुको संख्या रहेको छ। महिलाहरु प्राय : घरमै बस्ने र पुरुषहरु बाहिर काम गर्न जाने भएको कारणले गर्दा महिला उत्तरदाताहरु बढी हुन गएका हुन् ।

## ४.२ उमेरगत अवस्था

यस अध्ययनमा छनौट गरिएका घरधुरीमा रहेका उत्तरदाताहरुको उमेरमा विविधता रहेको छ । अध्ययनको क्रममा विभिन्न उमेर समुहका व्यक्तिहरुलाई समावेश गरिएको छ। तिनीहरुलाई निम्नअनुसार उमेर समुहमा विभाजन गरिएको छ ।

**तालिका नं. २ अध्ययनमा छनौट उत्तरदाताको उमेरगत विवरण**

| सि.नं. | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २०-३९ | २२ | ३६.९३ |
| २. | ४०-५९ | २९ | ५० |
| ३. | ६० वा सो भन्दा माथि | ७ | १२.०७ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट गरिएका घरधुरीमा संलग्न उत्तरदाताहरु मध्य सबैभन्दा बढी उमेर ४०-५९ वर्षका ५० प्रतिशत रहेका छन् भने सबै भन्दा कम ६० वा सो भन्दा माथि १२.०७ प्रतिशत रहेको छ। २० वर्ष देखि माथिका उत्तरदाताहरुबाट सहि उत्तर आउने जानकार व्यक्तिहरु भएका हुनाले २० देखि ६० वर्ष भन्दा माथिका महिला वा पुरुष उत्तरदाताहरुलाई छनौटमा लिइएको हो ।

### ४.३ शैक्षिक अवस्था

शिक्षा नै ज्ञानको ज्योति हो । शैक्षिक अवस्थाले नै समग्र जनसंख्याको अवस्था तथा अन्य स्थितिहरुको समेत निर्धारण गर्दछ। अध्ययनका लागि छनौट गरिएका ५८ जना उत्तरदाताहरुको शैक्षिक स्थिति तालिकामा देखाइएको छ ।

**तालिका नं. ३ अध्ययनमा छनौट उत्तरदाताको शैक्षिक विवरण**

| सि.नं. | शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निराक्षर | ४ | ६.८९ |
| २. | साक्षर | ७ | १२.०७ |
| ३. | १-१० कक्षा सम्म | ६ | १०.३४ |
| ४. | आइ.ए. वा सो सरह | २८ | ४८.५८ |
| ५. | स्नातक वा सो भन्दा माथि | १३ | २२.४२ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट गरिएका सदस्यहरुमध्य आइ.ए वा सो सरह सम्म अध्ययन गरेका उत्तरदाताहरुको संख्या सवैभन्दा बढी ४८.२८ प्रतिशत छ भने सबै भन्दा कम निराक्षर ६.८९ प्रतिशत मात्र रहेको छ। अध्ययन क्षेत्रमा रहेका धेरै जसो व्यक्तिहरु शिक्षित रहेको पाइयो। नपढेर के गर्नु ? अहिलेको माहोल नै यस्तै छ जस्ता जवाफ उत्तरदाताहरुबाट पाइन्छ। नयाँ पुस्ताहरुमा अशिक्षित व्यक्तिहरु भेट्न मुस्किल छ प्राय सबै शिक्षित नै पाइयो ।

४ जना निरक्षरमा ३ जना महिला र १ जना बृद्ध पुरुष रहेका छन् । ६ जना साक्षरमा ४० देखी ५० वर्षसम्मका महिला र पुरुष रहेका छन् भने १ देखि १० कक्षा सम्म अध्ययन गर्ने ३५ देखि ४० वर्ष सम्मका महिला र पुरुष रहेका छन् । त्यस्तै आई ए वा सो सरह गर्ने २० देखि २५ वर्ष सम्मका र स्नातक वा सो भन्दा माथि गर्ने २५ देखि ३५ वर्ष सम्मका उत्तरदाताहरु रहेका छन् ।

## ४.४ पेशागत अवस्था

अध्ययनमा छनौट गरिएको जनसंख्याको पेशागत अवस्थाले त्यहाँको मानिसहरुको आर्थिक अवस्थालाई बुझाउँदछ। त्यहाँका मानिसहरुको जिविकोपार्जनको अवस्था के-कस्तो छ ? भन्ने जनाउँदछ । मानिसको आर्थिक अवस्थाले त्यहाँका व्यक्तिहरुको सामाजिक स्तरपनि निर्धारण गर्दछ। अध्ययन स्थलमा रहेका उत्तरदाताहरुको पेशागत अवस्था निम्नानुसार छ ।

**तालिका नं. ४ अध्ययनमा छनौट उत्तरदाताको पेशागत विवरण**

| सि.नं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ११ | १८.९७ |
| २. | व्यापार/व्यवसाय | २० | ३४.४८ |
| ३. | पेन्सन | २ | ३.४४ |
| ४. | विदेशमा जागिरे | ४ | ६.९० |
| ५. | स्वदेशमा अन्य जागिरे | ९ | १५.५२ |
| ६. | सरकारी जागिरि | ५ | ८.६२ |
| ७. | विद्यार्थी | ७ | १२.०६ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट गरिएको जनसंख्यामा सवैभन्दा बढी व्यापार/व्यवसाय गर्ने रहेका छन् । ३४.४८ प्रतिशत व्यक्तिहरु व्यापार/व्यवसायमा संलग्न रहेको पाइयो । प्राय: अध्ययन क्षेत्रमा कुखुरा व्यवसाय गर्नेहरु धेरै रहेको पाईयो । जग्गा जमिन प्रयाप्त मात्रामा रहेकोले १८.९७ प्रतिशतले कृषिलाई मुख्य पेशा अपनाएको पाईयो । पेन्सन लिनेहरु ३.४४ प्रतिशत, ६.९० विदेशमा जागिरे, ८.६३ प्रतिशतले सरकारी जागिर गरेको र १५.५२ प्रतिशतले स्वदेशमा नै अन्य जागिर गरेको पाइयो । पेशाको हिसाबले विद्यार्थी १२.०६ प्रतिशत उत्तरदाता रहेका थिए । प्राय यहाँका मानिसहरु रोजगारी र घरमै कृषि वा अन्य व्यवसाय गरेर बरेको पाइयो ।

कृषिलाई मुख्यपेशा बनाउने उत्तरदाताहरु निरक्षर र १० सम्म पढेका ४५ देखि ६० वर्ष उमेरका रहेका छन् । व्यापार व्यावसाय ३५ देखि ४५ सम्मको शिक्षित युवाहरु र अधवैशे जोडि रहेका छन् । यहाँको मुख्य व्यवसाय भनेको गाई र कुखुरा पालन हो । पेन्सन पाउनेहरु ५५ वर्ष भन्दा माथि उमेरका आर्मिहरु रहेका छन् । स्वदेशमा जागिर हुनेहरु ४ जना नै पुरुष रहेका छन् । स्वदेशमा अन्य जागिरमा उद्योग वा संघसस्थामा कार्यरत युवा तथा अधवैशे उमेरका रहेका छन् । सरकारी जागिरमा शिक्षक, शिक्षिका, आर्मि पुलिस रहेका छन् भने २० देखि २५ वर्ष सममका ७ विवाहित महिलाहरु विद्यार्थी रहेका छन् ।

## ४.५ धार्मिक अवस्था

नेपाल एक बहुधार्मिक देश हो । यहाँ बसोबास गर्ने मानिसहरुले विभिन्न किसिमका धर्महरुलाई मान्दै आएका छन् । अध्ययनकालागि छनौट गरिएका ५८ घरधुरीको परिवारहरुको धार्मिक अवस्था यस प्रकार छ ।

**तालिका नं. ५ अध्ययनमा छनौट उत्तरदाताको धर्म विवरण**

| सि.नं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ५६ | ९६.५५ |
| २. | क्रिष्चियन | २ | ३.४५ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट गरिएका सम्पूर्ण घरधुरीमा वस्ने मानिसहरुले हिन्दु धर्मावलम्बी रहेका र तिनिहरुको साँस्कृतिक परमपरा पनि हिन्दु धर्मद्वारा निर्देशित छ । हिन्दु धर्म मान्ने ९६.५५

प्रतिशत रहेका छन् भने ३.४५ प्रतिशतले मात्र क्रिष्चियन धर्म मान्ने गरेका रहेछन् । नेपाललाई धर्म निरपेक्ष देश भनेर घोषणा गरे पनि क्षेत्री जातिहरुले आफ्नो धर्म र सँस्कृतिलाई अपनाउदै आएको पाइयो । धेरै संस्थामा मात्र धर्म परिवर्तन गरेको पाइन्छ ।

५८ जना विवाहित जोडिमध्ये ५६ जना परम्परागत हिन्दु र २ जना क्रिश्चियन धर्म मान्ने रहेका छन् । क्रिश्चियन धर्म मान्नेहरु पहिला हिन्दुधर्म बाट आएका पाइयो । गरिबिको कारणले र आस्थाले गर्दा क्रिश्चियन धर्ममानेको पाइयो । यो धर्म मान्दा शिक्षा, रोजगार तथा विरामी हुँदा धेरै सहयोग गर्ने भएकाले यो धर्म मान्ने गरेको बताए ।

## ४.६ वैवाहिक स्थिति

विवाह एक यस्तो संस्कृति हो जो प्रत्यक जात तथा ठाँउ अनुसार फरक फरक हुन्छ । त्यस्तै यस क्षेत्रमा पनि मागि विवाह, प्रेम विवह, विधुर/विधवा विवाह, अन्तरजातीय विवाह वर्तमान समयमा प्रचलित, रहेको कुरा स्थलगत सर्वेक्षणबाट प्रष्ट हुन आएको छ । यस क्षेत्रमा बसोबास गर्ने क्षेत्री उत्तरदाताको वैवाहिक स्थितिको बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ अध्ययनमा छनौट उत्तरदाताको वैवाहिक विवरण**

| सि.नं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | २९ | ५० |
| २. | प्रेम विवाह | १५ | २५.८६ |
| ३. | अन्तरजातिय विवाह | ७ | १२.२७ |
| ४. | अदालती विवाह | १ | १.७२ |
| ५. | विधुर/विधवा विवाह | २ | ३.४५ |
| ६. | भागि विवाह | ४ | ६.८९ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकाबाट ५० प्रतिशतले आफ्नो घरपरिवारको सहमतिबाट मागि विवाह गरेको पाईयो भने ३२.७६ प्रतिशतले आफ्नौ इच्छा अनुसार प्रेम विवाह, ८.६२ प्रतिशतले अन्तरजातिय विवाह, ५.१७ प्रतिशतले भागेर, ३.४५ प्रतिशतले विधुर/वा विधुवा विवाह गरेको पाईयो । यस

क्षेत्रमा बसोबास गर्ने क्षेत्री जातिको विवाह पद्धतिमा मागी विवाह नै प्रचलित रहेको पाईयो भने समय अनुसार अन्य विवाहको किसिमहरमा पनि परिवर्तन भइरहेको छ ।

मागी विवाह भन्नाले घर परिवार आफन्तले खोजेको केटा वा केटिसँग विवाह गर्ने भन्ने बुझिन्छ। यस्तो विवाह गर्ने जोडिमा २० देखि ६० भन्दा माथि सबै उमेरका समुहका जोडिहरु पर्दछन्। यो विवाहको संख्या अन्य विवाहको भन्दा धेरै मात्रामा रहेका छ। आफुले रोजेको केटा वा केटीसँग परिवारको सहमतीमा विवाह गर्ने प्रेम जाडिहरुमा सबै आफ्नो जातभित्र मात्र प्रेम गरि विवाह गरेको पाइयो । २० देखि ४० वर्ष सम्मका उमेर समुहका जोडिहरुले यस्तो विवाह गरेको पाइन्छ। अन्तरजातिय विवाह भन्नाले आफ्नो जातभन्दा तल्लो वा माथिल्लो जातिको केटा वा केटिसँग विवाह गर्ने भन्ने बुझिन्छ। अन्तरजातीय विवाह गर्नेमा २ जना महिला र ५ जना पुरुष मध्ये सबैले क्षेत्री भन्दा तल्लो तर पानि चल्ने नेवार, तामाङ्ग र मगर जातीभित्र विवाह गरेका छन् ।

भागि विवाह गर्नेमा १ जना क्षेत्री र अन्य ३ जना क्षेत्री भन्दा तल्लो २ जना नेवार र १ जना तामाङ्ग जातिमा विवाह गरेको पाइयो। अदालती विवाह गर्ने १ जना महिला रहेकी छिन । उनी शिक्षिका र उमेर ४० वर्ष नघेकाले उक्त विवाह गरेको वताइन्। विधुर विधवा विवाहमा विधुर विवाह २ जोडिले गरेका छन् । जसको पहिलो श्रीमतीको मृत्यु पश्चात उक्त विवाह गरेको बताए। यो विवाह गर्ने पुरुषको उमेर ४५ देखि ५५ वर्ष सम्म रहेको छ ।

## ४.७ परिवारिक संरचना

अध्ययन क्षेत्रमा रहेका क्षेत्री परिवारको पारिवारीक संरचनालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ अध्ययनमा छनौट उत्तरदाताको पारिवारिक विवरण**

| सि.नं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | ३९ | ६७.२५ |
| २. | संयुक्त परिवार | १९ | ३२.७५ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट ५८ घरधुरीमा २ प्रकारका परिवारहरु रहेको पाइयो । यि मध्य सबैभन्दा धेरै ६७.२५ प्रतिशत एकल परिवार रहेका छन् । जसमा बाबु आमा र उनीहरुको विवाहित र अविवाहित छोराछोरी मात्र सम्मिलित छन् । संयुक्त परिवारको संख्या ३२.७५ प्रतिशत रहेको छ । जसमा बाबु आमा विवाहित र अविवाहित छोराछोरी र नाती नातीना गरि तिन पुस्ता सँगै बस्ने गरेको पाइन्छ । संयुक्त परिवारको संख्या दिन दिनै घट्दै गइरहेको पाइन्छ ।

एकल परिवारमा बस्नेहरु प्राय अन्तरजातिय भागि र प्रेम विवाह गर्नेहरु बढि रहेका छन्   भने संयुक्त परिवारमा मागि प्रेम लगायत अन्य विवाह गर्ने जोडिहरु रहेका छन् ।

# अध्याय पाँच

# क्षेत्री जातिको विवाह संस्कार र परिवर्तन

विवाह एउटा विश्वव्यापी संस्था हो समय अनुसार विवाहमा पनि अनेक किसिमका परिवर्तनहरु आइरहेका छन्। क्षेत्री समुहको विवाह सँस्कारहरुमा थुप्रै परिवर्तहरु आएको देखिन्छ। विवाहको कुन कुन पक्षहरुमा कस्ता किसिमका परिवर्तनहरु आएका छन् भनि अध्ययनमा संकलन गरिएका तथ्यहरुको विश्लेषण यहाँ गरिउको छ। यस एकाइमा विवाहका विभिन्न पक्षहरुमा देखिएको परिवर्तन र त्यसका कारणहरुको बारेमा उत्तरदाताहरुले व्यक्त गरेका धारणाहरुलाई तालिका र सविस्तार व्यख्यार र विश्लेषण गरिएको छ। उक्त विश्लेषणमा अनेक तथ्य र धारणाहरु समावेश गरिएको छ।

## ५.१ अध्ययन क्षेत्रमा प्रचलित विवाहहरु र यसमा आएका परिर्तनहरु

नेपाली समाजमा विभिन्न संस्कृतिहरु प्रचलनमा रहेका छन्। यि विभिन्न सँस्कृतिहरमध्य विवाह पनि एक महत्वपूर्ण तत्व रहेको छ। यस क्षेत्री समुदायमा विवाह मानव जीवनमा आइपर्ने विभिन्न संस्कारहरुमध्य एक महत्वपूर्ण संस्कार मानिन्छ। विवाहबाट परिवारको निर्माण हुन्छ। विवाहका प्राचिन तरिकाहरुमा धेरै परिवर्तन आएको छ। प्रत्यक समुदाय वा जात जातिहरुको वैवाहिक पसम्परामा एकरुपता पाइदैन। ठाँउ तथा जाति अनुरुप वैवाहिक परम्परामा भिन्नता देखिन्छ। विशेष गरेर क्षेत्री जातीमा जातीय तह अन्तर्गत रहेर विवाह गर्ने चलन छ अर्थात गोत्र बाहिर जात भित्रको परिपाटीलाई अबल्म्बन गरेर विवाह गर्ने गर्दछन्। क्षेत्री जातिभित्र हाडनातामा विहेवारी चल्दैन। सकेसम्म यिनीहरु आमा र बुबा दुवैतर्फको सात पुस्ता बाहिर विहेवारी चलाउछन्।

विवाह प्रायजसो युवा अवस्थामा गर्ने चलन यहाँको क्षेत्रीहरुमा पाइन्छ। यस क्षेत्री समाजमा आजभोलीका विवाहमा केटि मागनकालागि पहिलेको भन्दा सजिलो रहेको पाइन्छ। केटा केटिहरु उमेरका हिसाबले परिपक्क भइसकेका हुन्छन्। दुवै जना र उनका अभिभावकहरु पनि केहि मात्रामा भएपनि शिक्षित आधुनिक पद्धतिमा बसेका कारणले पहिलेकै जस्तो केटाकेटीको अभिभावकले मात्र हरेर मन पराएर गर्ने विवाह नभई केटाकेटी दुवैको मन्जुरलि विवह गर्ने भएकोले माग्ने परम्परामा परिवर्तन देख्न सकिन्छ। विवाहका प्रचचिन तरिकाहरुमा धेरै परिवर्तन आएको छ।

### ५.१.१ अध्ययन क्षेत्रमा प्रचलित विवाहहरु

यस अध्ययन क्षेत्रमा छनौट गरिएका उत्तरदाताहरुलाई यस क्षेत्रमा कस्ता किसिमका विवाह पद्धतिहरु प्रचलनमा छन् भनी सहभागिहरुलाई प्रश्न गरिएको थियो । एउटै घरमा एक भन्दा बढी विवाहको तरिकाहर अपनाइएको पाइयो भने कुनै घरमा एकै किसिमबाट विवाह गरिएको पाईयो । एकै घरमा फरक फरक विवाहहरु गरिएको कारणले गर्दा वास्तविक भन्दा केहि बढी संख्या देखिएको छ ।

**तालिका नं. ८ अध्ययन क्षेत्रमा प्रचलित विवाहहरु**

| सि.नं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | २९ | ५० |
| २. | प्रेम विवाह | १५ | २५.८६ |
| ३. | अन्तरजातिय विवाह | ७ | १२.२७ |
| ४. | अदालती विवाह | १ | १.७२ |
| ५. | विधुर/विधवा विवाह | २ | ३.४५ |
| ६. | भागि विवाह | ४ | ६.८९ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा छनौट ५८ जना उत्तरदाताहरुलाई त्यस क्षेत्रमा प्रचलित विवाहको बारेमा सोद्धा सबै भन्दा बढी ५० प्रतिशतले मागि विवाह गर्ने गरेको पाईयो । त्यस्तै २५.८६ प्रतिशतले प्रेम विवाह गरेको पाईयो । प्राय युवाहरुले जोडि आफैले छान्ने गरेको पाइन्छ । आफुले छानेको जोडिलाइ परिवारको सहमतिामा विवाह गर्ने चलन पनि पहिलेको भन्दा बढीरहेको पाइयो , अन्तरजातिय विवाह १२.२७ प्रतिशतले गरेको पाईयो । यहाँका क्षेत्रीहरुमा अन्तर जातिय विवाह गर्ने परम्परा विस्तारै बद्लदै गएको पाइयो । अन्तरजातिय विवाह परिवारको सहमतिमा पनि हुने गरेको पाइयो । अदालति विवाह १.७२ प्रतिशत मात्र पाइयो । अहिले सम्म यस समुदायमा अदालति विवाहले प्राथमिकता पाउन सकेको पाइएन । विधुर वा विधवा विवाह गर्न हिचकिचाउने समुदायमा विस्तारै यो विवाहले पनि स्थान पाउन थालिसकेको छ । परिवारको सहमतिमा

३.४५प्रतिशतले यो विवाह गर्ने गरेको पाइयो । अझै पनि यहाँका क्षेत्री समुदायमा भागरे विवाह गर्नेको संख्यामा त्यति कमि आएको छैन । भागि विवाह गर्नेको संख्यामा ७.८९प्रतिशतले गर्ने गरेको पाईयो आफुले छानेको जोडि परिवारद्वारा स्विकार्य नभएर वा घरमा भन्न नसकेको कारणले भागि विवाह हुने गरेको पाईयो यस अध्ययन क्षेत्रका क्षेत्री जातिहरुमा प्राय सबै किसिमका मिश्रीत विवाहहरु हुने गरेको पाईयो । अन्तर जातिय विवाह पानि चल्ने जातभित्र भएको पाइाये । मगर, तामाङ्ग र नेवार जातमा यो विवाह भएको छ ।

### ५.१.२ प्रचलित विवाह गर्नुको मुख्य कारणहरु

मागि विवाह प्रचलनमा छ भन्नेहरुले बाबु बाजेको पालाबाटै चल्दै आएको परम्परालाई अुनसरण गर्नुपर्ने, मागि विवाह गरेमा इष्टमित्रबाट वा परिवारबाट माया र ममता बढी पाइने वावु आमाले आफ्ना सन्तानको भलो हुने गरी सोचविचार गरेर विवाह गरिदिने हुनाले सम्वन्ध दिर्घकालिन हुने विचार व्यक्त गरे भने प्रेम विवाह बढी प्रचलनमा छ भन्नेहरुले आजको युगमा आफ्नो इच्छा अनुसार जोडि छानिन्छ जसले गर्दा विवाह सम्वन्ध दिर्घकालिन हुन्छ भन्ने विचार व्यक्त गरे । प्रेम मार्फत भागि विवाह गर्नेहरुले आफ्नो र परिवार दुवैको सहमति भएपछि वा परिवारले स्वीकृति दिएपछि आफ्नो जीवन सहज हुने बताए । अहिलेको आधुनिक युगमा सबै जाति एउटै हुन केबल महिला र पुरुष दुईवटा मात्रै जात छ आफ्नो मन मिलेपछि जातले कुनै फरक नपार्ने हुनाले अन्तरजातिय विवाह पनि बढि रहेको छ। कानुनी रुपमा गरिने विवाह जसलाई अदालति विवाह भनिन्छ । यस विवाहको भने त्यति प्रचलन नरहेको पाईयो । सयम, श्रोत, साधनको हिसाबले सजिलो र छिटो छरितो विवाह र कम खर्चमा कानुनले स्वीकृति दिई विवाह गर्दा सजिलो र इच्छा अनुसार यो विवाह हुने गरेको पाइयो । एक्लै जिवन विताउन गह्रो हुनाले आफ्नो जिवनसाथिको मृत्यु पश्चात जिवन विताउन गाह्रो हुनाले आफ्नो जिवनसाथिको मृत्युपश्चात जिवन विताउन अर्को साथिलाई छानेर विवाह गर्दा बुढेसकालमा एक्लै नहुने र सुख दुःखमा साथ दिने साथि पाइन्छ भन्ने धारणा विधुर वा विधवा विवाह गर्नेहरुको छ। त्यस्तै आफ्नो मन मिलेको तर घर परिवाले अनुमति नदिएको वा घरपपरिवारको डरले गर्दा भागेर विवाह गर्ने गरेको पाइयो । प्राय सानै उमेरका केटाकेटीले यो विवाह गर्ने गरेको पाइयो ।

यसरी पुरानो पुस्ताले मागि विवाहको पक्षमा र नयाँ पुस्ताले प्रेम, अन्तरजाति तथा अन्य विवाहहरुको पक्षमा आफ्नो अभिमत प्रकट गर्नाले विवाहको सम्वन्धमा अहिले पुस्तागत रुपमा वैचारिक द्वान्द रहेको स्पष्ट देखिन्छ । आफ्नो सन्तानको सुखीका लागि अभिभावकहरुले पनि उनिहरुको इच्छा अनुसारको विवाहहरुलाई स्वीकार्न थालिसकेको पाइन्छ ।

## ५.२ विवाह गर्ने विधिमा आएका परिवर्तनहरु

विवाहका विधिविधानहरुमा के कस्ता परिवर्तनहरु आएको छ भन्ने उत्तरदाताहरुको धारणा बुझ्ने कोसिस गरिएको थियो । यसै क्रममा उत्तरदाताहरुलाई परिलेका विवाह गर्ने विधि र अहिलेकोमा परिवर्तन आएको छ ? भनी सोधिएको प्रश्नमा उत्तरदाताहरुद्वारा निम्नानुसार उत्तर प्राप्त भयो ।

**तालिका नं. ९ विवाह गर्ने विधिमा आएको परिवर्तनहरु सम्वन्धि धारणा**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विवाहगर्ने विधिमा परिवर्तन भएको | ५२ | ८९.६६ |
| २. | विवाह गर्ने विधिमा परिवर्तन भएको | ६ | १०.३४ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

विवाह गर्ने विधिमा परिवर्तन भएको हो भनी अधिकांश ८९.६६ प्रतिशत उत्तरदाताहरुले प्रतिक्रिया दि एभने थोरै १०.३४ प्रतिशतले मात्रै परिवर्तन भएको छैन भनी उत्तर दिए । विधि विधान पुर्‍याएर विवाह गर्ने मध्य पुरानो पुस्ता प्रायजसो सबै मागि विवाहहरुमा विवाहको विधि सम्पूर्ण गरेको पाइन्छ भने आफै प्रेम गरेर विवाह गर्नेहरुले विधि पुऱ्याएको हुदैनन् । पुरानो पुस्तामा भन्दा नयाँ पुस्तामा विधि नपुऱ्याई विवाह गर्नेको संख्यामा वृद्धि हुदै गएको देखिन्छ । विवाह गर्ने विधिमा भएको परिवर्तन सम्वन्धि धारणा बुझ्ने क्रममा पुरानो विवाह विधि झन्झटिलो र समयको हिसावले पनि खर्चिलो र अनावश्यक विधिहरुलाई अपनाउनुपर्ने भएकोले अहिले त्यसलाई परिमार्जित गरिएको पाइयो भने विवाहको विधिमा परिवर्तन आएको छैन भन्नेहरुले विधिहरु उस्तै हो धेरै मात्र तोडमोड गरिएको हो भन्ने धारणा व्यक्ति गरेका छन् ।

### ५.२.१ विवाह गर्ने विधिमा आएका परिवर्तनहरु

विवाहको विधिमा के कस्तो परिवर्तन आएको छ ? भनी साधिएको प्रश्नमा पहिलाका विधिहरु लामो तर अहिलेका विधिहरु छोटो र संक्षिप्त भएको, विवाहका मुख्य अंगहरु मात्र गर्न थालिएको अनावश्यक र झन्झटिला कुराहरु गर्न छोडिएको कुरा उतरदाताहरुद्वारा व्यक्त गरिए । अध्ययन क्षेत्रमा रहेका उत्तरदाता र विवाह गराउने पण्डितहरुलाई कुन कुन विधिमा परिवर्तन भएको छ ? भनी प्रश्न गर्दा उनीहरुले धेरै फरक भएको बताए । विवाहमा काम कुरा छिन्दा पहिला केटा

केटीलाई उपस्थित गराईदैनथ्यो भने हाल कामकुरो छिन्दा दुवैको उपस्थिति अनिवार्य मानिन्छ। केटाकेटीको मन्जुरी अनिवार्य हुन्छ। पहिला जनै सुपारी गर्दा धेरै मानिसको उपस्थिति हुन्थ्यो भने यो अहिले सानो विवाह जस्तै तरिकाले भडकिलो रुपमा गरिन्छ । पहिला सबै जन्तीहरुलाई भेला पारी दुलहि पक्षका मानिसहरुले जन्तीलाई स्वागत गरी जन्ती पर्सन पार्ने चलन थियो भने अहिले त्यस्तो गरिदैन। वरणी अहिले अनिवार्य गरिदैन। पहिला दुलहिका सम्पूर्ण इष्टभित्रहरुले गोडा धुने चलन थियो भने अहिले धेरै नजिकका थो्रै आफन्तले मात्र गोडा धुन्छन् । पहिला परिवारका सबैजनाले कन्यादान दिने र त्यसको साथमा गाईदान गर्दथे भने अहिले आमाबुबा, दाजुभाई र निकै नजिककाले मात्र कन्यादान गर्छन् भने गाईदान गर्दैनन्। यस्तै विवहका विभिन्न विधिहरुमा परिवर्तन तथा तोडभोड भएको पाइन्छ ।

### ५.२.२ विवाह विधिमा परिवर्तन हुने कारणहरु

विवाहको विधिविधान किन परिवर्तन भएको होला भनी प्रश्न उत्तरदातासामु राख्दा व्यक्तिहरुले फरक फरक कारण बताए । कसैले पुराना मुल्यमान्यताहरुमा कमी आउँदै गरेको, पुरानो तरिकालाई छाड्दै नयाँ तरिकाहरु अपनाउन थालिएको , आजकल मानिसहरु बढी व्यस्त भएकोले पुराना विधिहरु छोट्याउनु परेको बताए । पहिले रातको विवाह हुदा लामो समय लगाएर सम्पूर्ण विधि गर्न सकिने तर अहिले अत्यन्त छोटो समयमा विवाह सिध्याउनु पर्दा विधि विधानहरु स्वत छोटो हुने बताए । कसैले भने अहिलेको परिवर्तनप्रति असन्तोष प्रकट गर्दै विवाहका परम्परा लोप हुदै गएको बताए। यस्तै तरिकाले कटौति गर्दै जाने हो भने नयाँ पुस्ताले विवाहको विधिहरु देख्नबाट बञ्चित हुने बताए। यसरी विवाहका विधिहरुलाई पुरापुर्व कालदेखि नै अत्यन्त महत्व दिदै जग्गेमा स्थापित अग्निका साथ गरिएको वाचाबन्धनलाई कहिल्यै नटुट्ने सम्वन्ध स्थापित गर्ने विधिहरुमा समय अन्तरालमा धेरै परिवर्तन आएको पाईएको छ ।

## ५.३ विवाह गर्ने केटाकेटीको उमेरमा भएको परिर्वतन

हिन्दु धर्म सँस्कुतिबाट निर्देशित क्षेत्री समुहमा छोरीको विवाह सानो छदै गरिदिने चलन थियो। रजस्वला हुनु भन्दा अगाडि छोरीलाई पवित्र मानिने हुदाँ छोरीको विवाह रजस्वला नहुदै गरिदिए, गोडाको जल खाए पुण्य मिल्छ भन्ने मान्यताले गर्दा अधिकांश महिलाहरुको विवाह सानो उमेरमा नै गरिदिने चलन थियो । आजभन्दा ६०-७० वर्ष अघि ६-८ वर्ष सम्मका केटाकेटीहरुको बालविवाह गरेका घटनाहरु सामान्य जस्तो लाग्दथे तर अहिले यो चलनमा धेरै परिवर्तन आएको छ । अहिले बालविवाह गर्नलाई कानुनी रुपमा बन्देज लगाएको छ । यसमा

परिवर्तन ल्याउने धेरै तत्वहरुले भुमिका निर्वाह गरेका छन् । यस अध्ययन क्षेत्रमा विवाह गर्ने केटाकेटीको उमेरमा आएको परिवर्तनको अवस्थालाई तल तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० विवाह गर्ने जोडिको उमेरमा आएको परिवर्तन अवस्था**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० | ९ | १५.५१ |
| २. | २१-२५ | २४ | ४१.३८ |
| ३. | २६-३० | २० | ३४.४९ |
| ४. | ३१ वा सो भन्दा माथि | ५ | ८.६२ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिका अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेको विवाहित सदस्यहरु मध्य २१-२५ वर्षको उमेरमा विवाह हुनेको संख्या ४१.३८ प्रतिशत र २६-३० वर्षसम्मको विवाह हुनेको संख्या ३४.४९ प्रतिशत रहेको छ । त्यस्तै १५-२० उमेर समुहमा विवाह गर्ने १५.५१ प्रतिशत रहेका छन् भने ३१ वा सो भन्दा माथि विवाह गर्ने जोडिको संख्या सबैभन्दा कम ८.६२ प्रतिशत रहको छ । पहिलाको तुलनामा विवाह गर्ने उमेरमा निकै फेरबदल आएको उत्तरदाताहरु बताउछन् । आफु परिपक्क भएर र आफ्नो विहेको बारेमा आफै निर्णय गर्न सक्ने क्षमता भएपछि मात्र विवाह गर्ने जोडिहरुको संख्या बढ्दो छ ।

१५ देखि २० वर्ष सम्म विवाह गर्नेमा ७ जना बृद्ध जोडि र २ जना युवा जोडिहरु रहेका छन् । २१ देखि २५ सम्म विवाह गर्नेहरु शिक्षित युवा जोडि र अधवैशे जोडिहरु रहेका छन् । २६ देखि ३० मा विवाह गर्नेहरु प्राय सबै शिक्षित  जोडिहरु भेटियो भने ३१ भन्दा माथि विवाह गर्ने ३ शिक्षित र २ साक्षर भेटियो ।

### ५.३.१ विवाह गर्ने जोडीको उमेरमा परिवर्तन आउनका कारणहरु

विवाह गर्ने उमेरमा परिवर्तन आएको छ भन्नेहरुलाई किन आएको होला ? भनी कारण सोध्दा कतिपय उत्तरदाताले विवाह भनेको के हो ? भनी थाहा नुहँदौ विवाह गर्नु अपराध हुन्छ भन्ने भनाई राखे भने कसैले २० वर्ष नपुगी विवाह गर्न हुदैन भन्ने मान्यताको विकास भएको बताए । अरु कारणहरुमा आजकल चेनातको विकास भएको परिपक्क वा आत्मनिर्भर भएर मात्र

विवाह गर्दा अरुमाथि भर पर्नु नपर्ने, सानो उमेरमा विवाह भएमा आमा र बच्चा दुवैको स्वास्थ्यमा नराम्रो असर पर्ने सानो उमेरमा विवाह भए सन्तान धेरै जन्मिएर पालन पोषण गर्न गाह्रो हुने बताए। त्यस्तै पहिला कृषि कार्यको लागि काम गर्ने मानिसबढी चाहिने हुदाँ चाडै विवह हुने चलन थियो तर अहिले त्यस्तो नभएको बताए। अहिले कानुनद्वारा पनि सानो उमेरमा विवह गर्न नपाईने हुनाले पनि विवाह गर्ने उमेरमा परिवतर्नन भएको कुरा अधिकांश उत्तरदाताहरुले व्यक्ति गरे यसरी समग्र रुपमा हेर्दा क्षेत्री समुहमा पहिला जस्तो सानो उमेरमा छोरीको विवाह गरिदिय पुण्य मिल्छ भन्ने धारणामा परिवर्तन भई सानो उमेरमा विवाह गरिदिनु अपराध हुन्छ भन्ने धारणाको विकास भएको पाइन्छ।

## ५.४ विवाह गर्ने जोडिको उमेर अन्तरमा आएको परिवर्तनहरु

क्षेत्री समुहमा विवाह गर्दा पहिला अभिभावकहरुले आफ्नो छोराछोरीको विवाह गर्ने आवश्यकता महसुस गरेपछि आफै जोडि छानिदिन्थे। छोराछोरीको लागि कस्तो जोडि चाहिन्छ भन्ने कुरा उनीहरुलाई थाहा दिइदैनथ्यो। विवाह गर्दा छोरा वा छोरीको आवश्यकता भन्दा पनि घर व्यवहार बढी हेरिन्थ्यो। सामान्यतया छोरीलाई रजस्वता हुनु भन्दा पहिला विवाह गरिदिएमा बाबुआमालाई पुण्य मिल्छ भन्ने मान्यताको आधारमा सानैमा विवाह गरिने चलन थियो। क्षेत्रभ्रमणमा जाँदा कतिपय विधवाहरुले आफ्नो विवाह ६-१० वर्षमा सानो उमेरमा नै भएको बताउनु भएको थियो। सानो उमेरमा नै विवाह भनेको के हो ? किन गर्नु पर्दछ ? भन्ने थाहा नहुदै गरिदिने चलन थियो भने केटाको उमेर भने बढी हुन्थ्यो। त्यस्तै वालविवाहको चलन समयक्रम अनुसार कम हुदै गयो भने केटा र केटीको अन्तर बढी भएमा बुढेसकालमा लोग्नेको स्याहार सुसार गर्न श्रीमती सक्षम हुन्छिन भन्ने गरिन्थ्यो। त्यतिखेरको समाज कृषिमा आश्रीत हुने हुदाँ काम गर्ने मानिसका जरुरत भएकोले चाडै विवाह गर्ने चलन पनि चलेको पाइन्छ।

यस अध्ययनमा छनौट गरिएका उत्तरदाताहरुलाई विवाह गर्ने जोडिको उमेरमा अन्तर बढेको वा घटेको छ ? भनी सोधिएको प्रश्नमा उत्तरदाताहरुले व्यक्ति गरेको विचार यस प्रकार छ।

**तालिका नं. ११ विवाह गर्ने जोडिको उमेरमा आएको परिवर्तन सम्बन्धि धारणाहरु**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | उमेरको अन्तर बढेको | १ | १.७२ |
| २. | उमेरको अन्तर घटेको | ५७ | ९८.२८ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकामा अधिकांश ९८.२८ प्रतिशत उत्तरदाताहरुले पहिले र अहिले विवाह गर्ने केटा केटिको उमेरको अन्तर धेरै हुन्थ्यो भने अहिले उमेरको अन्तर कम हुदैँ गएको छ। अहिले लगभग बराबर उमेरका केटाकेटीहरुको विचमा विवाह हुन्छ अफै यो अन्तर मागी विवाहमा भन्दा प्रेम विवाहमा कम पाइन्छ। उमेरको अन्तर बढेको हो भनी १.७२ प्रतिशतले मात्र भनेको पाइयो। अहिले पनि कुनै व्यक्तिहरुको विवाह गर्दा उमेरमा धेरै फरक पनि देखिन्थो।

मानिसहरुले शिक्षा, संचार, कानुनी मान्यताले गर्दा आफु सरहकै उमेरको जोडिसँग विवाह गर्नुपर्छ जसले गर्दा इच्छा, चाहना मिल्ने र चाँडै एक्लै जीवन बिताउन नपरोस् भन्ने विचारले गर्दा विवाहित जोडिको उमेरको अन्तर घटेको पाइयो। त्यस्तै १ जना बृद्धले बढेको भन्ने उत्तरदिए किनभने उनले आफुभन्दा धेरै कान्छि महिलासँग विवाह गरेका रहेछन् र कतै कतै बृद्ध पुरुष र भर्खरकि महिलाबिच विवाह हुने गरेको उदाहरण व्यक्त गरे।

### ५.४.१ विवाह गर्ने जोडिको उमेरको अन्तर घट्नुका कारणहरु

सम्पूर्ण उत्तरदाताहरुले आवकल विवाह गर्ने जोडिको उमेरमा अन्तर घटेको प्रतिक्रिया दिएपछि यसको कारण के होला ? भनी प्रश्न गर्दा विभिन्न प्रतिक्रियाहरु प्राप्त भए विवाहित जोडिको उमेरमा धेरै अन्तर हुदाँ उनीहरुको इच्छा रुचि र चाहना नमिल्ने हुदाँ उनीहरुविच खाटपट हुने र परिवार विच्छेद हुने बताए। उमेर धेरै फरक पारेर विवाह गर्दाश्रीमान् बुढो हुने र श्रीमती भर्खरकि हुदाँ उनीहरुको यौन चाहना नमिल्ने बताए। उमेरको अन्तर धेरै हुदा लामो समयसम्म एकल जिन्दगी विधवा भएर विताउनु पर्ने तर उमेरको अन्तर कम भए लामो समयसम्म सँगै जिन्दगी बताउन पाइने कुरा व्यक्त गरे आजकल चेतनाको विकास भयो। शिक्षाले मानिस शिक्षित हुदै जादा परिपक्क भएर मात्र विवाह गर्नु पर्छ भन्ने मान्यताको विकास हुदै गयो। त्यस्तै

आजकल छोरा र छोरी दुवैलाई पढाउने चलन भयो र पढ्दापढ्दै उनीहरुको उमेर बढी भइसकेको हुन्छ त्यसैले गर्दा उमेरको अन्तर स्वत कम हुने उत्तरदाताहरुले बताए।यसरी सुरुमा क्षेत्री समाजमा अत्यन्तै सानो उमेरमा वाल विवाह गरिदिने र जोडिहरुको उमेरको अन्तरको फरक धेरै हुने गरेकोमा परिवर्तन आएर वालविवाह गर्न नपाईने भयो र उमेरको अन्तर पनि कम हुन थाल्यो । हामीले पुरानो पुस्ताका धेरै वृद्ध विधवाहरु देख्नाको एउटा मुख्य कारण यो पनि हो ।

अहिले कानुनी हिसाबले पनि बाल विवाह गर्न नपाइने, विवाह गर्ने न्युनतम उमेर कानुनद्वारा तोकिएको छ । मुलुकी ऐनको विहेवारीको महलमा व्यवस्था भए अनुसार अभिभावकको स्वीकृतिमा केटाको उमेर १८ र केटीको उमेर १६ वर्ष हुनु पर्ने र अभिभावकको स्वीकृति विना विहे गर्दा केटाको उमेर २१ र केटीको उमेर १८ वर्ष हुनु पर्ने, लोग्ने मानिस र स्वास्नी मानिसको उमेरको अन्तर २० वर्ष भन्दा बढी हुन नहुने कानुनी प्रावधान छ । त्यस्तै समाजको रुपान्तरण हुदै जादाँ जीविकोपार्जनको तरिकामा परिवर्तन आउँदै छ । पहिलाको ग्रामिण कृषि समाज विस्तारै रुपान्तरण हुदै गइरहेको छ । कृषि भन्दा अन्य पेशाहरु पनि आय अर्जनका उपायहरु हुदै जाँदा विवाह गर्ने उमेर र उमेरको अन्तर पनि घट्ने भएका छन् । पुरातनवादि धार्मिक सोचाईमा समायान्तरमा परिवर्तन आएको छ , मान्यताहरु फेरिएको छन् । पहिले रजस्वता नहुदै सानैमा छोरीको विवहा गरिदिएर गोडाको जल खानपाए पुण्य मिल्छ भन्ने मान्यतामा परिवर्तन आएको छ ।

### ५.५ विवाहमा सम्वन्ध विच्छेदका घटनाहरुको अवस्था

क्षेत्रीको विवाह परम्परा हिन्दु धर्ममा उल्लेख गरिए अनुसार हुन्छ । हिन्दु धर्मशास्त्रमा विवाह केबल केटा र केटीको सम्वन्ध कायम राख्ने माध्यम मात्र नभई परिवार र इष्टमित्रलाई एक आपसमा जोडेर राख्न विशेष सम्वन्धको रुपमा लिइन्छ । अग्निलाई साक्षि राखि गरिएको वाचा बन्धन कहिल्यै टुट्ने हुदैन भन्ने मान्यतामा हाल आएर परिवर्तन आउँदै सम्वन्ध विच्छेदका घटनाहरु बढ्दै गएको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाता र उनीहरुका विवाहित सदस्यहरुको हालको वैवाहिक स्थिति कस्तो रहेको छ भनि अध्ययन गर्दा निम्नानुसारको विवरण प्राप्त भयो ।

**तालिका नं. १२ अध्ययन क्षेत्रमा रहेका विवाहित व्यक्तिहरुको बैवाहिक अवस्था**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सँगै बस्ने विवाहित जोडि | ४७ | ८१.०४ |
| २. | सम्वन्ध विच्छेद गरेका | ४ | ६.८९ |
| ३. | विधवा | ४ | ६.८९ |
| ४. | विधुर | ३ | ५.१८ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकामा उत्तरदाता र उनको परिवारका विवाहित सदस्यहर मध्य धेरै जसो ८१.०४ प्रतिशतको वैवाहिक स्थितिमा जोडिहरु सँगै बसेको पाइयो भने सम्वन्ध विच्छेदका घटनाहरु पनि बढ्न थालेको भनि उत्तरदाताहरु व्यक्त गरेको छन्। सम्वन्ध विच्छेद पहिला हुदैन्थ्यो भने अहिले यस्ता घटानाहरु धेरै सुन्न र देख्न पाइएको छ भनि उत्तरदाताहरु भन्दछन् ।यस क्षेत्रमा पनि ६.८९ प्रतिशत जोडिहरु सम्वन्ध बिच्छेद गरि एक्लै बस्दै गरेको देखिन्छ। विधुवाको संख्या ६.८९ प्रतिशत र विधुरको संख्या ५.१५ प्रतिशत रहेको देखिन्छ। यसबाट प्रस्ट हुन्छ कि महिलाहरु कम समयमा नै विधुवा भएको पाइन्छ भने पुरुषहरु अलि पाको उमेरमा मात्र विधुर सम्वन्ध विच्छेदका घटनाहरु त्यति भएको देखिदैन तै पनि यस्ता घटनाहरु पहिलाको तुलनामा बढी रहेको पाइन्छ। शहरी क्षेत्रमा जस्तो यहाँ सम्वन्ध विच्छेद घटनाहरु कम मात्रमा भएको पाइन्छ।

### ५.५.१ बढी सम्वन्ध बिच्छेद हुने विवाहका प्रकारहरु

सम्वन्ध विच्छेदका परमपरामा व्यापक वृद्धि भएको देखिन्छ। खास कारणले गर्दा सँगसँगै बस्ने स्थिति नभएमा सम्वन्ध विच्छेद गर्ने चलन बढेको देखिन्छ र जसलाई खास समाजहरुमा कानुनले नै प्रावधान गरेको देखिन्छ। यस्तो प्रावधानले विवहको स्वरुपमा व्यापक परिवर्तन ल्याएको देखिन्छ। विवाहको गतिशिलतालाई औधोगिकीकरण, शहरीकरण, शिक्षा आदि जस्ता कारणहरुले पनि मलजल गरेको देखिन्छ।

उत्तरदाताहरु सबैलाई तपाईको विचारमा कस्तो विवाहमा सम्वन्ध विच्छेदका घटनाहरु बढेका छन भनि गरिएको प्रश्नमा उनिहरुले व्यक्त गरेको धारणहरु यस प्रकार छन्।

**तालिका नं. १३ कस्तो विवाहमा सम्वन्ध विच्छेद हुने गरेको छ भने धारणा**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी | २८ | ४८.२७ |
| २. | प्रेम | १९ | ३२.७६ |
| ३. | अन्तरजातिय | ८ | १३.७९ |
| ४. | अदालतिय | ३ | ५.१८ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

सम्वन्ध विच्छेद धेरै जसो मागी विवाहमा हुने गरेको धारणा उत्तरदाताहरुको वताएका छन् । ४८.२७ प्रतिशत व्यतिहरुले मागी विवाहमा विच्छेदको घटना बढी देखिएका छन् भनि भनेका छन । त्यस्तै ३२.७६ प्रतिशत व्यक्तिहरुले प्रेम विवाहमा विच्छेदको घटनाहरु बढी रहेको छ भनेका छन् । अन्तरजातिय विवाहमा १३.७९ प्रतिशत र अदालतिय विवाहमा ५.१८ प्रतिशतले विच्छेदका घटनाहरु घटिरहेका छन भनि उत्तरदाताहरुले आफ्नो धारणा व्यक्त गरेका छन् ।

यस अध्ययन क्षेत्रमा जम्मा ४ जना व्यक्तिहरुले सम्वन्ध विच्छेद गरेर एक्लै बसेको पाईयो जसमा १ जना पुरुष र ३ जना महिला रहेको छन । अध्ययन क्षेत्रमा कस्तो विवाहमा सम्वन्ध विच्छेद गरेर बसेका व्यक्तिहरु छन भन्ने प्रश्नमा उत्तरहरुको धारणा यस्तो रहेको छ । उत्तरदाहरुको धारणा बुझ्दा मागि विवाहमा आफुले राम्ररी चिन्न नपाँउदै परिवारको करकापमा विवाह गर्नुपर्ने भएकाले यो विवाहमा बढि सम्बन्ध बिच्छेद हुन्छ भन्ने धारण व्यक्त गरे । प्रेम विवाहमा पहिला गरेका बाचाहरु पुरा गर्न नसक्दा वा बढि मनमुटाब गर्ने देखिएकाले यो विवाहमा बढि समबन्ध विच्छेद हुने गरेको भन्ने धारण व्यक्त गरे । आफ्नो जातभन्दा बाहिर गएर विवाह गर्दा घर परिवारले सजिलै नस्वीकार्ने भएकाले अन्तरजातीय विवाहमा सम्बन्ध विच्छेद हुन्छ भन्नेहरुले आफ्नो धारणा व्यक्त गरे । भने अदालती विवाहमा समाजको अगाडी वा परिवारको अनुपस्थितिमा पनि केटा र केटीको राजिखुशीमा विवाह गर्ने गरेकाले यो विवाह त्यति नटिक्ने जस्ता धारण ३ जनाले व्यक्त गरे ।

**तालिका नं. १४ अध्ययन क्षेत्रमा विच्छेद भएकाहरुको वैवाहिक स्थिति**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | ३ | ७५ |
| २. | प्रेम विवाह | १ | २५ |
| | जम्मा | ४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

यस अध्ययन क्षेत्रमा सम्वन्ध विच्छेद गरी बसेका ४ जना व्यक्तिहरुमा सवै भन्दा बढी ७५ प्रतिशतले मागी विवाहद्वारा सम्वन्ध विच्छेद गरिएको पाईयो भने २५ प्रतिशतले मात्र प्रेम विवाहद्वारा विच्छेद गरि एक्लै बस्दै गरिएको पाइयो। माथिको तालिकाद्वारा यो प्रष्ट हुन्छ कि यस स्थानमा मागी विवाह गर्ने जोडिहरुको सम्वन्ध विच्छेदको घटना बढी हुने गरेको पाइयो ।

### ५.५.२ विवाहमा सम्वन्ध विच्छेदका घटनाहरु बढनुका कारणहरु

वैवाहीक सम्वन्ध स्थापित गरेका जोडीहरुको विचमा खास कारणले खट्पटको स्थिति सृजना भई अलग अलग भएर बस्ने स्थितिलाई सम्वन्ध विच्छेद भनिन्छ। सम्वन्ध विच्छेदको प्रवधानलाई खास समाजहरुमा बैधानिक रुपमा नै व्यावस्था गरेको पाइन्छ। सम्वन्ध विच्छेदको दर विगतको समयमा विरलै रुपमा रहेता पनि वर्तमान समयमा यस्को दर उल्लेखनिय रुपमा बढेको देखिन्छ। सम्वन्ध विच्छेदको दरमा वृद्धि हुनेको मुख्य कारण कानुनी स्वीकृति रहेको देखिन्छ। वैवाहिक जिवनमा व्यपाक असन्तुष्टिहरु सृजना भई सँगै वस्नु पर्ने स्थितिमा तनाव सृजना भएमा कानुनी रुपमा संम्वन्ध विच्छेदको प्रावधान भएकोले यसको दरमा वृद्धि भएको पाइन्छ। अर्को मुख्य कारण औधोगिकीकरण पनि हो । महिलाहरुका लागि रोजगारीको अवसरले उनीहरुको पूरुषसँगको निर्भरतामा व्यापक परिवर्तन ल्याईदियो। सानोतिनो घर खर्च लगाएत आफ्ना आवश्यकताहरुको परिपूर्तिका लागि महिलाहरुले पुरुषमाथी भरपर्नु पर्ने स्थितिको अन्त्य हुन पुग्यो। यस्तो स्थितिमा महिलाहरु पुरुषको दवावमा वस्नु पर्ने स्थिति रहेन र त्यसो भएमा सम्वन्ध विच्छेद एउटा प्रभावकारी साधनको रुपमा प्रस्तुत हुन गयो । त्यस्तै विकसित शहरीकरणको प्रभावले पनि ग्रामिण भेगमा भन्दा शहरमा सम्वन्ध विच्छेदका घटना बढदै गएको देखिन्छ ।

विशेषगरी मागी विवाहमा बढी सम्वन्ध विच्छेद भएको वताउनेहरुको यसको कारणमा आफ्नो जोडी आफै छनौट गर्न नपाउनु, अर्काको करकापमा परेर विवाह गर्नु पर्ने, मागी विवाहमा

दाइजोको चलन हुने हुँदा भने जस्तै दाइजो नपाएपछि सम्वन्ध विच्छेद हुने बताए। त्यस्तै प्रेम विवाहमा बढी सम्वन्ध  विच्छेद भएको बताउनेहरुले यसको कारणमा अपरिपक्क अवस्थामा प्रेम गर्ने र पछि मनमुटाव हुने, प्रेम गर्दा गरिएका वाचावन्धन पुरा हुन नसक्दा सम्वन्ध विच्छेद हुने कारण वताए। निष्कर्षमा भन्दा सबै किसिमका विवाहमा विच्छेदक घटनाहरु घटिरहेका छन । तुलनात्मक रुपमा मागी विवहमा बढी सम्वन्ध विच्छेदका घटनाहरुबढी भएको धारणा पाईयो ।

## ५.६ अध्ययन क्षेत्रमा अन्तरजातिय विवाहको वर्तमान अवस्था

अन्तरजातिय विवाह भन्नाले माथिल्लो जातको केटा वा केटी र तल्लो जातको केटा वा केटी (पानि नचल्ने वा चल्ने जात) का विचमा गरिने विवाह हो। यस्तो विवाहलाई समाजले स्वीकार गर्न सकेको अवस्था भने हालका दिनसम्म पनि देख्न सकिदैन । यस्तै प्रकारको विवाह पद्धति अध्ययन क्षेत्रमा बसोबास गर्ने क्षेत्री समाजमा त्यति चलन चल्तिमा रहेको पाइदैन । नयाँ पुस्ताहरुले योग्यता र क्षमताको आधारमा आफ्नो जोडि छनौट गर्नु पर्दछ भन्ने मान्यता राख्दछ भने पुरानो पुस्ताले आफ्नो कुलघराना र जातलाई बढि प्राथमिकता दिन चाहेको पाइयो। यी दुई पुस्ताको विचमा सोचईको यो द्वन्द चलिरहेको छ। छाराले अर्को जातको बुहारी ल्याउदा घरायसि झगडाका कारण घर भन्दा बाहिर बस्नु परेको उदाहरणहरु पनि देखिन्छन् ।

यस अध्ययन क्षेत्रका कतिपय क्षेत्रीहरुले हालका दिनहरुमा जात, जुर, अजुर, राम्रो नराम्रो भन्दा पनि केटा र केटीको मन मिलेमा अभिभावकले स्वीकार गर्ने गरेको पनि पाईयो। त्यसैगरी अन्तरजातिय विवाहमा पानि नचल्ने जाति बिच विवाह गरेमा त्यस्तो विवाहलाई भने समाजले स्वीकार गर्न सकेको अवस्था भने हालको दिनसम्म पनि देख्न सकिदैन। अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरु र उनीहरुका परिवारमा रहेका विवाहित सदस्यहरुको समाजिय वा अन्तरजातिय विवाहित जोडिहरुको विवरण यस प्रकार छ।

**तालिका नं. १५ अध्ययन क्षेत्रमा सजातिय वा अन्तरजातिय विवाहित जोडीको विवरण**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सजातिय | ५१ | ८७.९४ |
| २. | अन्तरजातिय | ७ | १२.०६ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययन क्षेत्रमा रहेका विवाहित वर्तमान जोडिहरुको वैवाहिक जातिय अवस्थाको अध्ययन गर्दा अधिकांश जोडिहरु ८७.९४ प्रतिशतले आफ्नै जातिभित्र (सजातिय) विवाह गरेका छन् भने थोरैले १२.०६ प्रतिशतले मात्र अन्तरजातिय विवाह गरेको देखियो । यसले अझैपनि व्यवहारमा अन्तरजातिय विवाहको चलन उल्लेख्य रुपमा नरहेको देखिन्छ । उमेर समुह अनुसार अन्तरजातिय विवाह गर्ने जोडीका संख्या कम उमेर समुहका जोडिमा बढी र बढी उमेर समुहका जोडिमा कम रहेको छ । सबै भन्दा सानो उमेर समुमा सबै भन्दा धेरै अन्तरजातिय जोडिहरु देखिन्छन् । यसले युवा पुस्तामा अन्तरजातिय विवाहको प्रचलन विस्तारै बढ्दै गरएको देखाउँछ ।

### ५.६.१ अन्तरजातिय विवाहको चलनमा आएका परिवर्तनका कारणहरु

क्षेत्री समुह हिन्दु धर्म संस्कृतिमा आधारित मुल्य र मान्यताबाट निर्देशित छ । हिन्दु धर्म अनुसारको स्तरीकरणमा विश्वास राख्ने यो समुहले ब्राह्मण, क्षेत्री, वैश्य र शुद्ध गरी चार वर्ण व्यवस्था अुनसारा आफुलाई उच्च स्थानमा राख्दछन् । नेपालको राज्य सञ्चालनमा स्तरीकरणको पालो देखि नै महत्वपूर्ण भुमिका खेल्दै आएको यो जातिमा आफ्नै जातिभित्र वा कुल घरानाका केटा वा केटी खोजी मागि विवाह गर्ने चलन अझै पनि प्रमुख रुपमा नै चलिआएको छ। क्षेत्री जातीहरु आफ्नै जातिभित्र विवाह गर्दछन् तर आफ्नै थर वा एउटै गोत्रमा विवाह गर्दैनन् । तर अहिले आएर अन्तरजातिय विवाहको चलनमा क्रमश वृद्धि भई रहेको देखिन्छ। यस क्षेत्रमा केटा र केटीको मन मिलेपछि उनीहरुले एक अर्कालाई आफ्नो योग्य ठानेपछि परिवारको सहमति वा असहमतिमा पनि विवाह गर्ने गरेको पाईयो । पहिले अन्तरजातिय विवाहलाई समाजले स्वीकार गर्दैनथ्यो  तर अहिले आएर यो सामान्य जस्तो भइसक्यो । कतिपय परिवारले यस्तो विवाहलाई सजिलै स्वीकारेको पाइन्छ भने कतिले अहिले पनि आफ्नो कुल घरानामा नमिल्ने भएकोले विवाहित जोडिलाई छुट्टै राखेको पाइन्छ। यस अध्ययन क्षेत्रमा अन्तरजातिय विवाहमा पानी नचल्ने जातिभित्र कुनै विवाह भएको पाइएन। पानि चल्ने तल्लो र माजिल्लो जाति विचमा मात्र अन्तरजातिय विवाह भएको पाईयो ।

यस अध्ययन क्षेत्रमा ४ वटा जोडीहरुको विवाह मागि विवाह जस्तै दुवै परिवारको सहमतिमा समाजिक पसम्परा अनुसार भएको पाईयो समाजले विस्तारै अन्तरजातिय विवाहलाई सामान्य रुपमा लिदै आइरहेको छ। आफ्नो सन्तानको खुसी नै आफ्नो खुसी हो भन्न थालिसकेका

छन् । तर पनि पूर्ण रुपमा अभिभावकहरु खुसी देखिदैनन् । जति आफ्नो जात भित्रको विवाहमा देखिन्छन् । क्षेत्रीहरुको कुल पुजा, मृत्युसँस्कार जस्ता कार्यहरुमा आफु भन्दा तल्लो जातका बुहारीहरुलाई छुन नदिने र उनीहरुलाई यस्तो कार्यमा संलग्न नगराई पर राख्नुपर्ने जस्ता बाध्यताले गर्दा धेरै जसो अभिभावकहरुले आफ्नै जातिभित्र मात्र विवाह गर्नु पर्छ भन्ने धारणा व्यक्त गर्नु भयो । आधुनिकिकरण, शहरिकरण, शिक्षा जस्ता कारणहरुले पनि अन्तरजातिय विवाहमा खासै परिवर्तन ल्याउन सकेको देखिदैन । अहिले पनि समाजमा अन्तरजातिय विवाह भन्ने वित्तिकै मुख बिगार्ने चलन सजिलै देखिन्छ । तर पनि पहिलेको भन्दा अहिलेको समाजले यसलाई सजिलै स्वीकार्न थालिसकेको छ । अन्तरजातिय विवाह गर्न डराउने, घर परिवारलाई नभनि भागेर विवाह गर्ने चलनमा परिवर्तन भई परिवारको सहमतिमा धेरैजसो अन्तरजातिय विवाह हुने गरेको पाईयो ।

### ५.७ अध्ययन क्षेत्रमा प्रचलित दाईजो चलनको अवस्था

विवाह गर्दा केटि पक्षका मानिसहरुले केटा पक्षकालाई दिने नगद वा जिन्सी बस्तुलाई दाइजो भनिन्छ । वैदिक कालको विवाहमा दाईजोको रुपमा केहि नदिनेमात्र कन्यादान गरिने कुरा उल्लेख छ । समयको विकासक्रममा विवाहको समयमा दाईजो दिने र लिने चलनमा वृद्धि हुदै आएर आजको अवस्थामा यो विकृतिको रुपमा रहेको पाइन्छ । क्षेत्रीसमाजमा दाईजोको प्रभाव अरु जनजातिमा भन्दा बढी रहेको छ । विवाहमा दाईजो ल्याउने चलन बढ्दै वा घट्दै गएको हो ? भनि सबै उत्तरदाताहरुलाई गरिएको प्रश्नमा उत्तरदाताहरुको प्रतिक्रिया यस प्रकार रहेको छ । अध्ययनको क्रममा ५८ जना उत्तरदातामध्य धेरै जसो उत्तरदाताले दाईजो प्रचलन समय परिवर्तनसँगै वृद्धि हुदै गइरहेको बताए भने थोरै संख्याले मात्र घट्दै गएको बताए ।

**तालिका नं. १६ दाईजोको चलन सम्वन्धि धारणा**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दाईजोको चलन बढ्दै गएको | ४२ | ७२.४२ |
| २. | दाइजोको चलन घट्दै गएको | १६ | २७.५८ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययनमा संलग्न ५८ जना उत्तरदातामध्य अधिकाशं ७२.४२ प्रतिशतले दाइजोको चलन बढ्दै गएको हो भनेका छन् भने २७.५८ प्रतिशतले मात्र दाईजोको चलन घट्दै गएको छ भन्ने धारणा व्यक्त गरेका छन्। समाजमा देखावटि रुपमा भएपनि आफुले सकेर वा नसाकेर पनि विवाहमा दाईजो दिने चलन अझै पनि घट्न सकेको छैन। अहिले आएर झन भड्किलो विवाह हुने गरेको छ। नगद वा जिनसी सामानहरु धेरै दिने, छोरीको कोठा र उसलाई चाहिने सामानहरु अनिर्वाय रुपमा दिनुपर्छ भन्ने मान्यता प्रायमा देखिन्छ भने अलि शिक्षित वा दाईजो प्रथा मन नपरानउेले मात्र दाईजो आफु पनि नलिने र नदिने गरेको बताए। थोरै व्यक्तिहरले मात्र दाईजो प्रथा घटेको हो भन्ने आफ्नो धारणा व्यक्त गरेका छन । समग्रमा भन्नुपर्दा यस क्षेत्रमा दाईजोको प्रथा घट्नुकको साट्टा झन् झन् बढ्दै गएको पाइयो ।

## ५.७.१ दाइजोको वर्तमान अवस्था

यस अध्ययन क्षेत्रमा दाईजो लिने वा दिने चलन व्याप्त रुपमा पाइयो । समय अनुसार छोरीहरुलाई दाइजो दिने चलन झन् भड्टिलो बन्दै गएको पाइयो। समयलाई देखावटि रुपमा आफ्नो इज्जत, मान सम्मानलाई देखाउन र छोरीलाई पनि केहि दिनु पर्छ भन्ने जस्ता धारणाले गर्दा यस क्षेत्रमा दाईजोको चलन बढिरहेको पाइयो। यस अध्ययनमा संलग्न उत्तरदाताहरुबाट उनीहरु र आफ्ना सन्तानहरुको विवाहमा कस्तो प्रकारको दाइजो लिने वा दिने गरेको छ भनी गरिएको अध्ययनमा आएको विवरण यस प्रकार रहेको छ।

**तालिका नं. १७ दाईजोको प्रकार सम्वन्धि अवस्था**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नगद | ३ | ५.१७ |
| २. | जिन्सी | ४९ | ८४.४९ |
| ३. | केही नल्याएको | ६ | १०.३४ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका दाइजोको विभिन्न रुपहरुमध्य सबैभन्दा बढी ८४.४९ प्रतिशत प्रचलित रुपमा जिन्सी देखिन्छ । जिन्सी अन्तर्गत भाडाहरु, फर्निचरका सामाग्रीहरु र अन्य घरायसी सामानहरु बढी मात्रामा छन्। दाईजोको दोस्रो १०.३४ प्रतिशतले

विवाहमा केहि नल्याएको पाइयो । केहि नलिएर विवाह गर्नेहरुको संख्यामा विस्तारै वृद्धि भएको देखिन्छ । त्यस्तै ५.१७ प्रतिशतले विवाहमा जिन्सी सामानको सट्टा नगद दाइजो लिएको पाइयो । दाइजोको रुपमा सामानको सट्टा नगद दिएमा त्यसलाई आवश्यकता अनुसार प्रयोग गर्न सजिलो हुने भएकोले यो चलन चलेको पाइन्छ । जिन्सी सामान सबै प्रयोगमा नआउन पनि सक्दछ । समग्रमा यसबाट सुरुमा दाइजो लिने वा दिने चलन नभएको बीचमा दाईजोको रुपमा जिन्सी सामान लिने दिने प्रचलन चलेको र अहिले नगद, जिन्सी तथा केहि पनि दाइजो नलिकन विवाह गर्नेको चलन पनि क्रमशः बढ्दै गएको देखिन्छ । समग्रमा हेर्दा दाइजोको रुपमा फेरिए पनि वर्तमान अवस्थामा दाइजोको चलनमा वृद्धि भएको पाइयो । दाइजोम केहि नल्याउने ६ जना शिक्षित जोडि भएकाले र आफुहरु दाइजोको विरुद्धमा रहेकाले आफैबाट परिवर्तन गर्नुपर्छ भनि नगद वा जिन्सी केहि नल्याई विवाह गरेको पाइयो ।

### ५.७.२ दाईजोको चलनमा परिवर्तन वा वृद्धि हुनाको कारणहरु

दाईजो ल्याउने तथा दिने चलन बढ्दै गएको हो भन्ने पक्षमा रहेकाहरुलाई यसको कारण के होला भनी प्रश्न गर्दा विभिन्न कारणहरु रहेको बताए । उनीहरुका अनुसार दाइजोको चलनमा वृद्धि हुनाको कारण आजकल छोरा र छोरीलाई समान दृष्टिले हेरिने हुदाँ छोराले बाबुको सम्पति पाउने हुदाँ छोरीलाई पनि दिनुपर्छ भन्ने मान्यताको विकास हुदै गएको बताए । व्यक्ति आफ्नो इच्छा नहुँदानहुदै पनि बाध्य भएर दिनु परेको वा छोरीको विवाह राम्रो केटा वा परिवारमा गरिदिएमा सुख हुन्छ भन्ने सोचाईले आफ्नो आर्थिक अवस्थाले नसक्ने भए पनि ऋणै काटेर पनि दाईजो दिने चलन चलेको अवस्था जानकारी गराए । कतिपयले अहिलेको अवस्थाले नदिए पनि बाकुबाजेको कुलघरानाको इज्जत, मान प्रतिष्ठा जोगाउनको लागि पनि दाईजो दिनु परेको कुरा गरे । कतिपयले देखासिकी र आडम्बरको लागि दाइजो दिने चलन चलेको बताए भने कहिले मानिसको आय अर्जान गर्ने क्षमताको वृद्धि हुँदा आर्थिक हैसियत बढेको कारण दाईजोको चलनमा वृद्धि हुदै गएको बताए ।

यसरी दाइजोको प्रचलन क्षेत्री समुहमा निरन्तर रुपमा बढ्दै जाँदा गरिब मानिसका छोरीहरुको विवाहमा ठूलो प्रभाव परेको छ भने विवाहमा पर्याप्त दाईजो दिन नसक्दा विवाहित महिलाले घरमा घृणा र तिरस्कार सहनुपर्ने तथा हिंसाको सिकार हुनु पर्ने घटनाहरु पनि देखिएका छन् । दाईजोको रुप तथा अवस्था समय समयमा बदलिन्छ । कुनै अवस्थामा दाईजो खुल्ला र प्रतिस्पर्धात्मक अवस्थामा हुन्छ भने कुनै अवस्थामा यो गुप्त रुपमा भई दिन्छ । जुनसुकै रुपमा भए पनि क्षेत्री समाजमा दाईजो विकृतिपूर्ण अवस्थामा फैलिरहेको छ र आर्थिक शोषणको माध्यम

बनिरहेको छ तर आजभोलि कतिपय शिक्षित जोडिले भने दाईजो बिना नै विवाह गर्ने चलनको स्थापना गरेको देखिन्छ । यहि चलनलाई देखासिकि गर्ने हो भने दाईजोको विकृति विस्तारै कम हुने देखिन्छ ।

## ५.८ विवाहमा गरिने भोज भतेरको तरिकामा आएको परिवर्तनहरु सम्वन्धि धारणा

विवाह एक सुखद क्षण हो । यसलाई स्मरणयोग्य बनाउन र औपचारिकता दिनको लागि भोजभतेरको व्यवस्था गरिएको हो । क्षेत्री समूहको विवाहमा विवाह गरेर ल्याएकी नयाँ दुलहिले पहिलो दिनको भोज छोएपछि तथा नव विवाहित दम्पतिले खाएपछि मात्र भोजको औपचारिक सुरुवात हुने मान्यता रहेको छ । इष्टमित्र नातेदार मिलेर भोज खाएपछि वैवाहिक सम्बन्ध औपचारिक हुन्छ । पहिले विवाहको भोज भतेरको रुपमा दात भात, तरकारी वा मासुलाई टपरीमा राखेर जन्तिहरु वा घरगाउलेलाई खान दिने चलन थियो । खानाकोलागि धेरै खर्च गर्ने चलन थिएन आफुले जे सकिन्छ त्यतीमात्र ख्वाउने चलन थियो। तर आज भोलि आएर खानाका धेरै प्रकारहरु भोजमा समावेश गरिएको देखिन्छ । दाल भातलाई खानामा समावेश गरिदैन । पुलाउ, मासुका परिकार, तरकारी, अचार, सलाद लगाएत धेरै प्रकारका खानेकुराहरुको परिकारले भोज भतेरमा समावेश गरिन्छ । आफ्नो मान सम्मान र प्रतिष्ठाको लागि पनि पार्टि प्यालेसमा गरिने भोज भतेरको तरिका वा खाना बनाउने विशेष वा दक्ष व्यक्तिलाई मात्र खानाको परिकार बनाउने जिम्मा दिइन्छ । यस्तो प्रकारको भोज भतेर बढी खर्चिलो हुन्छ । यस्तो प्रशारका चलनहरु अध्ययन क्षेत्रमा निकै चलेको उत्तरदाताहरुले जानकारी दिएका छन् । उनीहरुका अनुसार भोजभतेरमा निकै परिवर्तन आएको छ । समयअनुसार झन् झन् भड्किलो विवाह हुदै गएको छ। मान सम्मानको प्रतिष्ठाको निम्ति भोजभतेरमा निकै परिवर्तन भई खर्चिलो बन्दै गएको पाईयो । अध्ययन क्षेत्रका सम्पूर्ण उत्तरदाताहरुले विवहमा गरिने भोज भतेरमा परिवर्तन आएको छ भन्ने धारणा व्यक्ति गरेकोले गर्दा यसलाई तालिकाद्वारा देखाइएको छैन् ।

### ५.८.१ भोज भतेरमा परिवर्तन आउनका कारणहरु

नेपालको ग्रामीण भागहरुमा पनि आर्थिक रुपान्तरणको प्रभाव पर्दै गएको छ । कृषिमा मात्र आश्रीत भएर मानिसहरुको जिविकोपार्जन गर्न सक्ने अवस्था नभएकोले उनीहरु आयआर्जनका बैकल्पिक उपायहरुको खोजीमा शहरबजार तथा बैदेशिक रोजगारिको क्रममा विदेश जानेहरुको संख्या बढ्दै छ। यसले गर्दा मानिसको आर्थिक हैसियतमा वृद्धि भएको छ। विवहको भोजभतेरमा बढी खर्च गर्ने क्षमता बढ्दै गएको छ । अहिले गाउँ तथा बजारमा मानिसहरुको समाजिक

सम्बन्धमा पनि परिवर्तन भएको छ। पहिलाको कृषिमा पूर्ण आश्रीत भएको समाजमा विवाहको बेला मानिसलाई फुर्सद हुने र एक आपमसमा सहयोग बढ्ने हुन्थ्यो भने अहिले मानिस बढि व्यस्त हुदाँ आपसमा सहयोगको कमी हुदै गएको छ। यसले गर्दा भोजमा पनि व्यवसायिकरण भएको छ। शहरबजाबाट दक्ष कामदार ल्याएर भोज तयार गर्न थालिएको छ। शिक्षा, चेतना र वाहिरी प्रभावले गर्दा भोज गर्ने तरिका, खाने तरिका अदिमा परिवर्त आएको छ। कृषिमा आश्रीत गाउँले परिवेशमा पहिला मानिसहरुको आफ्नो नजिकको खास इष्टमित्रहरु तथा नातेदारहरुसँग मात्र सम्पर्क हुने गरेकोमा अहिले दायरा फराकिलो भएको छ। संचार र यातायातका साधानहरुको पर्याप्त विकासले गर्दा धेरै मानिसहरुसँग सम्पर्क बढ्न थालेको छ। यसले गर्दा विवाहको भोजमा नजिकका इष्टमित्र बाहेकका पेशागत, राजनैतिक र समाजका अन्य व्यक्तिहरु बढी आमन्त्रित हुन्छन्। बस्ती बढ्दै गएकोले बजार क्षेत्रमा खाली ठाउँको अभाव हुन थाल्यो र भोज होटल तथा पार्टी प्यालेसमा हुन थाल्यो। शिक्षाको विकासले समाजिक चेतनामा वृद्धि भई भोज भतेरमा छुवाछुतको चलनमा पनि कमि आउँदैछ।

## ५.९ विवाह सम्पन्न गर्ने स्थानमा भएको परिवर्तन

क्षेत्रीहरुको विवाह परम्परामा यसका विधिविधानलाई विशेष रुपमा लिइएको पाईन्छ। विवाहका सम्पूर्ण विधिविधानहरु हिन्दु धर्मशास्त्रमा उल्लेख भए अनुसार हुन्छन्। पहिला क्षेत्रीहरुको विवाह गर्दा विवाहको तयारीको लागि पर्याप्त समयको व्यवस्था गरी घरमै इष्टमित्र, दाजुभाईहरु सबै मिलेर गर्ने चलन रहेको थियो। विवाहको लागि सामानहरु एकआपसमा सहयोग, ऐचोपैचो गरी गाउँघरमा नै व्यवस्था गरिन्थ्यो। विवाहमा जम्मा हुने इष्टमित्र, नातेदार र जन्तीहरुलाई बस्नको लागि सबै मिलाएर सवैको घरमा व्यवस्था गरिन्थ्यो। सम्पूर्ण रुपमा कृषिमा आधारित समाज हुदाँ खाद्यान्न तथा कृषिजन्य अन्य कृषि योग्य सामाग्रिहरु आफ्नै उत्पादन वा सरसापटि गरी चलाइन्थ्यो तर समयक्रममा विवाहका यि तरिकाहरुमा परिवर्तन भएको पाइन्छ। मानिसको जीवनयापनका तरिकाहरुमा आएको परिवर्तनले विवाह गर्ने स्थानमा पनि परिवर्तन आउदैछ। आजकल समयको विकासक्रम सँगै घरमा हुने वैवाहिक कार्यक्रम मन्दिर, होटल तथा पार्टिप्यालेसमा हुने गरेको छ। शहरका मन्दिर, होटल र पार्टिप्यालेसहरु विवाहको समयमा खचाखच हुने गरेको छ। घरबाट विवाह गर्दा समय धेरै लाग्ने, झन्झटिलो हुने हुदाँ मन्दिर वा पार्टिप्यालेसमा नै बढी विवाह गर्नेको संख्यामा वृद्धि हुदै गएको पाइयो।

पार्टीप्यालेसमा विवाह गर्ने जोडिहरु धनी र गरिब दुवै परिवारका रहेका छन्। शहरीकरणले गर्दा ठाँउको कमीले गर्दा गरिब परिवारका जोडिले पनि बाध्यताबस पार्टीप्यालेसमा विवाह गर्नुपरेको

बताए। पार्टिप्यालेसबाट विवाह गर्दा सामान जुटाउने झन्झट नहुने र घर फोहोर नहुने जस्ता कारणले गर्दा विवाह गर्न पैसा बढि लागेपनि झन्झट नहुने बताए ।

**तालिका नं. १८ विवाह सम्पन्न गरेको स्थानको विवरण**

| सि.नं. | स्थान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरमा | १९ | ३२.७६ |
| २. | मन्दिरमा | १६ | २७.५८ |
| ३. | पार्टिप्यालेसमा | २३ | ३९.६६ |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

अध्ययन क्षेत्रमा अहिले भएका विवाहमा सबैभन्दा बढी ३९.६६ प्रतिशत विवाह पार्टिप्यालेसमा भएका छन् भने ३२.७६ प्रतिशतले घरबाट नै विवाह गर्ने गरेको पाइयो । मन्दिरबाट विवाह गर्नेको संख्या र २७.५८ प्रतिशत रहेको छ। माथिको तालिका हेर्दा के स्पष्ट हुन्छ भने क्रमश घरमा विवाह गर्नेको संख्या घट्दै गएको छ। यसमा आजकल घरमा गरिने विवाह झन्झटिलो, समय बढी लाग्ने जस्ता कारणले गर्दा घट्दै गएको छ। आजकल धेरैजसो विवाह घरको सट्टा मन्दिर र पार्टि प्यालेसमा हुने गरेको पाइयो ।

### ५.९.१ विवाह गर्ने स्थानमा परिवर्तन आउनुका कारणहरु

अधिकांश उत्तरदाताहरुले आजकाल पार्टिप्यालेसमा विवाह हुने गरेको बताएपछि यसको कारणबारे जिज्ञासा राख्दा यसबारे उनीहरले विभिन्न विचारहरु व्यक्ति गरे । रोजगारीको लागि युवाशक्ति शहरबजार वा विदेशतिर जाने कारणले गर्दा त्यस्तो भएको हो । पार्टिप्यालेसको विवाहमा सरसामान जुटाउन सजिलो हुने र कम मानिस भए पुग्दछ। घरमा विवाहको लागि चाहिने पर्याप्त ठाउँको अभाव हुदै जान थालेको छ। घरको विवाहमा खाना बनाउन तथा त्यसको लागि सामान जुटाउन झन्झटिलो हुने तर मन्दिर तथा पार्टिप्यालेसमा खाना खुवाउनकालागि होटल तथा क्याटरिङको व्यवस्था गर्न सजिलो हुन्छ। घरको विवाहमा जग्गे बनाउन चाहिने सामाग्री जुटाउन गाह्रो हुने तर पार्टिप्यालेसमा बनिरहेको जग्गे हुन्छ । पार्टिप्यालेस तथा मन्दिरको विवाह छोटो र संक्षिप्त हुन्छ । यदी विधिविधान पुगेन भने पनि पवित्र मानेर पूर्ण मानिन्छ । कतिपयले पार्टिप्यालेसको विवाह छोटो र छिटो हुने हुँदा कम खर्च समेत हुने

बताए । यसरी विवाह एक बन्धन हो भनेर मान्ने पश्चिमी मुलुकको भनाई झै नेपालमा पनि विवाहलाई संस्कार भन्दा पनि बन्धनको रुपमा लिइने क्रम बढ्दो रुपमा छ । विभिन्न कारणले आजकल घरको भन्दा भन्दिरको विवाह रोज्ने क्रम बढिरहेको छ । शहरिकरणसँगै घरमा विवाह गर्दा सबै साथिभाई, इष्टमित्रलाई अटाउने ठाउँको पनि कमि हुने कारणले गर्दा घरको विवाह विस्तारै असम्भव बन्दै गयो र घरमै गरिने परम्परागत विवाहलाई पनि मन्दिर र पार्टि प्यालेसमा गर्न थालिएको छ । जहाँ एकमुस्ट खर्च गरेपनि अनेक प्रकारका झन्झटबाट मुक्त हुन सकिन्छ । त्यस्तै व्यस्त मानिसहरुले पनि घरमा हुने लामो विवाहको विकल्पको रुपमा मन्दिरको विवाहलाई रोज्न थालेको पाइयो । क्षेत्री समुदायको विवाह सँस्कृतिलाई घरबाट मन्दिर र पार्टिप्यालेसमा सार्ने क्रममा यसभित्र धेरै विकृति र विसंगतिहरु भित्रिनुका साथै बढी भड्किलो र खर्चिलो पनि भएको छ । यसले गर्दा विवाहमा परम्परागत रुपमा रहेको जन्तेबाखो र खेतबारीका कुनामा बसेर भतेरखाने चलन लोप भइसकेको छ ।

### ५.१० पुन विवाह गर्ने सम्वन्धी धारणा

पून विवाह भन्नाले वैवाहिक जीवनमा प्रवेश गरिसकेपछि मानिसहरु विविध कारणले गर्दा वा खास गरि बढि आशा लिएर गरिएका विवाहहरुको असफलता पछिको स्थितिमा सिर्जना भएको विवाहको स्वरुप हो । पुनविवाह संस्कृतिक परम्पराअनुसार फरक फरक संस्कृतिमा फरक फरक रुपमा भएको पाइन्छ । एक पटक वैवाहिक बन्धनमा बाँधिएपछि त्यसलाई विच्छेद गरि पुनः अर्को व्यक्तिसँग गरिने विवाह नै पुनविवाह हो । क्षेत्री समुहको विवाहमा अग्नी साक्षि राखी स्थापित गरिएको सम्वन्ध भएकोले यो जन्मजन्मान्तर कायम रहनुपर्छ भन्ने मान्यता भएपनि यसमा परिवर्तनहरु देखिन थालेका हुन् । यस अध्ययन क्षेत्रमा पनि प्रायजसो सम्बन्धबिच्छेद गरि बसेका वा विधवा विधुरहरुले प्रायः एक्लै बस्नु गरेका थिए भने अहिले आएर पुनविवाह गर्ने जोडिमध्यमा एक विधवा विधुर वा सम्बन्ध विच्छेद गरि बसेकाहरु पर्दछन् । एक्लै जिवन विताउन गाह्रो हुने जस्ता कारणहरुले गर्दा अहिले पुनविवाह गर्ने प्रचलन बढिरहेको पाईयो ।

अध्ययनमा संलग्न उत्तरदाताहरुलाई आजकल पुनविवाहको चलन बढ्दै गएको हो भनी गरिएको प्रश्नमा उनीहरुले व्यक्त गरेका धारणा यस प्रकार छ ।

**तालिका नं. १९ विवाह सम्पन्न गरेको स्थानको विवरण**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुनविवाहको चलन बढेको | ५४ | ९३.१० |
| २. | पुनविवाहको चलन घटेको | ४ | ६.९० |
| | जम्मा | ५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७५

पुनविवाहको चलन बढेको वा घटेको हो भन्ने धारणा बुझ्नको लागि उत्तरदातालाई गरिएको प्रश्नमा ९३.१० प्रतिशत उत्तरदाताहरुले बढेको हो भन्ने बताए। त्यस्तै ६.९० प्रतिशतले मात्र पुनविवाहको चलन घटेको भन्ने उत्तर दिए। नमुना सर्वेक्षण भित्र परेका यस स्थानमा पुन विवाह गर्नेको संख्या क्रमश वृद्धि भईरहेको छ भन्ने धारणा उत्तरदाताहरुले व्यक्त गरे।

### ५.१०.१ पुनविवाह गर्ने चलनमा वृद्धि हुनका कारणहरु

पुनविवाह गर्ने चलन वृद्धि हुदै गएको हो भन्नेहरुलाई यसको कारण बताउन आग्रह गर्दा पुनविवाहलाई हेर्ने सोचमा सकारात्मक परिवर्तन हुदै जानु, मानिसहरु शिक्षित हुदै गए अनुसार विवाहमा व्यक्तिगत स्वतन्त्रताको प्रयोग हुनु, बाबुआमाले दिएकासँग आफ्नो इच्छा नमिल्नु, महिलाहरुको रोजगारिमा वृद्धि भई आर्थिक निर्भरता कम हुदै जानु र कानुनी प्रावधानहरु महिलाको पक्षमा हुनु प्रमुख कारणहरु रहेको वताए। एकपटक स्थापित भएको बैवाहिक सम्वन्ध तोडिनु हुदैन भन्ने मान्यता राख्ने कट्टर हिन्दु धर्मबाट निर्देशित क्षेत्री समुहमा महिलालाई कम स्वतन्त्रता प्राप्त छ। समय परिवर्तन हुदै जादाँ  पुन विवाह गर्न हुदैन भन्ने सोचाईमा परिवर्तन हुदै गएर पुनविवाह पनि भएका छन्। क्षेत्री समुहमा पुनविवाहको चलन चल्नुका धेरै कारणहरु मध्य बैदेशिक रोजगारको प्रभाव पनि रहेको छ। वैदेशिक रोजगारको सिलसिलामा श्रीमानले दुःख गरि कमाएको सम्पतिलाई दुरुपयोग गरेर अर्कासँग पुनविवाह गर्ने प्रवृत्ति पनि बढि रहेको छ। त्यस्तै सम्बन्ध बिच्छेद गरि बसेका र आफ्नो जीवनसाथिलाई गुमाएकाहरुले पनि पुनर्विवाह गरे आफुलाई साहारा मिल्ने जीवनसाथिको महसुस गरि पुनर्विवाह गर्ने गरेको पाइयो।

### ५.११ विधवा वा विधुर विवाहमा आएका परिवर्तनहरु

हाम्रो समाजमा अझै पनि महिलाहरुलाई पुरुषको भरमा आश्रीत भएर बाँच्नुपर्ने बाध्यतारहेको छ। यसरी आफ्नो आश्रय रहेको पति वा पत्निको मृत्यु हुदाँ विधवा वा विधुर हुन पुगेको महिला वा पुरुष बेसाहारा भएर जिवन बिताउनु परेको अवस्था देख्न सकिन्छ। क्षेत्री समाजमा यो झन्

जटिल अवस्थामा रहेको पाइन्छ। सानै उमेरकि बालिकालाई धेरै उमेरको केटासँग विवाह गरदिने चलन थियो र भर्खर किरोअवस्थामा प्रवेश गरेकि महिला विधवा भई बाँकि जिवन सुखमय गराउनु त कता उल्टै श्रीमान् टोक्ने बोक्सिको आरोप लाग्ने अवस्था थियो। अभ्र दुर्घटनामा परि श्रीमान्को अकालमा मृत्यु भएको अवस्थामा यो पिडा बढि दर्दनक हुन्छ। कतिपय महिलाहरु निः सन्तान बालविधवा पनि रहेका छन्। सुरुमा विधवाले विवाह गर्ने सोचाई असम्भव तथा कल्पना बाहिरको कुरा मानिन्थ्यो भने हाल यसको बारेमा बहस र चर्चा भइरहेको छ।

श्रीमान् वा श्रीमतीको मृत्यु भइसकेपछि पुनर्विवाह गर्नु नै विधर वा विधवा विवाह हो। अध्ययन क्षेत्रमा बसोबास गर्ने क्षेत्री जातिमा यस्तो प्रकारको विवाह परम्परागत रुपले चल्दै आएको छ। यस्ता विवाहमा विधवा विवाहभन्दा विधुर विवाह बढि प्रचलनमा रहेको पाइयो। यहाँको समाजमा कसैको श्रीमतीको मृत्यु भएमा अर्को विवाह गर्ने चलन बढि छ। यस्तो विवाह गर्दा धेरै खर्च तडकभडक नगरि सामान्य रपमा नगरि नहुने प्रकृया मात्र पुरा गरेर सम्पन्न गरिन्छ। अहिले विधवाहरुको इच्छा भए अनुसार घरपरिवारको राजिखुसिमा विधवा विवाहलाई समाजले स्वीकार गर्न थालिसकेको छ।

अध्ययन क्षेत्रमा रहेको उत्तरदाताहरुलाइ तपाईको गाउँघर वा छरछिमेकमा विधवा वा विधुर विवाह हुन थालेको हो भनी प्रश्न गर्दा निम्नानुसार प्रतिकृया प्राप्त भयो।

**तालिका नं. २१: विधवा वा विधुर विवाह सम्बन्धिअवधारणाहरु**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विधवा वा विधुर विवाह हुन थालेको छ | ४५ | ७७.५८ |
| २ | विधवा वा विधुर विवाह हुन थालेको छैन | १३ | २२.४२ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

अध्ययनमा संलग्न अधिकांश उत्तरदाताहरु ७७.५८ प्रतिशतले आफ्नो गाउँघरमा विधवा वा विधुर विवाह हुन थालेको छ भन्ने धारणा व्युक्त गरेका छन्। त्यसैगरि २२.४२ प्रतिशत थोरैले मात्र यस्तो विवाह हुन थालेको छैन भनेका छन्। बदलिदो समाज स्वरुप जिवन जिउन जिवनसाथिको आवश्यकताले गर्दा पहिलाको जिवनसाथिको मुत्यु पश्चात विवाह गर्ने चलनमा

क्रमश वृद्धि भईरहेको देखिन्छ । शिक्षित समाज, जनचेतना, सहरीकरण जस्ता कुराहरले मानिसमा विधवा वा विधुर विवाहको सम्बन्धमा सकारात्मक सोचको विकास गरेको पाइन्छ ।

### ५.११.१ क्षेत्री समाजमा विधवा विवाहमा वृद्धि हुनाका कारणहरु

आफ्नो गाउघर वा छरछिमेकमा विधवा विवाह हुन थालेको छ भन्ने बताउने उत्तरदाताहरुलाई यसको कारण बताउन आग्रह गर्दा विभिन्न विचारहरु व्यक्त गरे । उनीहरुका अनुसार शिक्षाको वृद्धिले गर्दा पुराना मुल्य मान्यतामा परिवर्तन भई विधवालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको बताए । महिलावादि आन्दोलनले गर्दा नारी स्वतन्त्रतामा वृद्धि भएकोले विधवाले रातो वस्त्र लगाउने गरेको तथा लोग्ने मानिस विधुर हुदाँ विवाह गर्न हुन्छ भने महिलाले पनि विवाह गर्न हुन्छ भन्ने सोचाईमा परिवर्तन आएको बताए । कतिपयले लामो समयसम्म एकल जिवन विताउन गाह्रो हुने हुदाँ विधवा महिलालाई साहारको जरुरत हुने र विवाह गरेमा बाँकि जिवन काट्न सजिलो हुन्छ भनने विचार व्यक्त गरे । हाम्रो समाजमा विधवा विवाहलाई कानुनद्धारा पनि प्रोत्साहन गरेको विचार पनि व्यक्त भए ।

हिन्दु धर्मशास्त्रबाट निर्देशित मुल्यमान्यता र परम्परा अनुसार चलेको क्षेत्री समुदायमा समय अन्तरालमा विधवालाई हेर्ने सकारात्मक सोचाईको विकास हुदै गएको पाइन्छ । विधवा महिला साहाराविहिन भएर बाँच्न गाह्रो हुन्छ । नेपालमा चलेको दशवर्षे द्धन्दकालमा धेरै महिलाहरु कलिलै उमेरमा विधवा भएकोले यसको बारेमा धेरैको ध्यान केन्द्रित भई सकारात्मक सोचाईमा वृद्धि हुन थालेको पाइन्छ । आफ्नै विधवा बुहारीको लागि उपयुक्त घर खोजी आफैले कन्यादान गरिदिने सासुससुरा पनि क्षेत्री समुदायमा देखिन थालेका छन् । यस्तो सोचाइ विधवा विवाहको बारेमा आएको महत्वपुर्ण परिवर्तनको पाटो हो ।

### ५.१२ विवाह गर्ने समय (दिन/रात) मा आएको परिवर्तनहरुः

नेपालमा क्षेत्रीहरको परम्परागत रुपमा चलिआएको मागि विवाहको क्रममा दुवै पक्षका बिचमा काम कुरो छिनेपछि जसलाई परम्परागत भाषामा जनै सुपारी भनिन्छ । केटीका बावुले केटा पक्षका मानिसहरु समक्ष तोकिएका दिनमा मेरो कुमारी छोरीलाई लिन तपाईको कुमार छोरालाई यतिको संख्यामा जन्तिलिई आउनुहोला भनी निमन्त्रणा गरेपछि विवाहको दिनमा तोकिएको संख्यामा जन्ति सहित रातमा जन्ति जाने चलन थियो । त्यस समयमा आजको जस्तो यातायातको साधनहरुको कमि हुदाँ टाँढा जानुपर्ने जन्ति दिनभरी हिडेर राती अबेर पुग्दथे । रातको विवाह विधि पुर्याउदा भोलिपल्ट अबेला भइसकेको हुन्थ्यो र जन्नेबाखो खाएर दुलहि

सहित जन्ती फर्कन्थ्यो तर आजकल रातको विवाह अत्यन्त कम हुन थालेको छ । अहिले विवाह भन्ने बित्तिकै दिनको विवाह भन्ने बुझिन्छ । रातमा विवाह गर्दा बढि झन्झटिलो हुने पाहुना तथा जन्तीलाई सुत्ने र खानामा बढी खर्च लाग्ने जस्ता कारणहरुले गर्दा रातको विवाहको चलन घटेको भनी उत्तरदाताहरु भन्दछन् । यहाँका क्षेत्रीहरुमा अहिले रातमा विवाह गर्ने चलन छैन । पहिला रातमा विवाह हुन्थ्यो । यातायातको अभावले गर्दा टाढाबाट आउने विवाह छ भने रातमा गरिन्थ्यो तर अहिले यातायातको सुविधा भएर टाढाबाट आउने जन्ती पनि बिहान चाँडै हिड्ने तथा पहिलाको भन्दा छोटकरीमा विवाह गर्ने जस्ता कारणहरुले पनि रातको विवाहको चलन हटेर दिनमा मात्र विवाह गर्ने चलन रहेको पाइयो ।

विवाह गर्ने समय दिन वा रातमा आएको परिवर्तन सम्बन्धि धारणा बुझ्न उत्तरदाता सामु जाँदा सबै उत्तरदाताहरुले अहिले दिनमा मात्र विवाह हुने गरेको रातमा विवाह गर्ने चलन यहाँका क्षेत्रीहरुको अहिले पुर्ण रुपमा अन्त्य भइसकेको बताए । सबै उत्तरदाताहरुले दिनमा मात्र विवाह गर्ने चलन छ भन्ने धारणा व्यक्त गरेको हुनाले यसलाई तालिकाद्धारा प्रस्तुत गरिएको छैन ।

### ५.१२.१ दिनमा विवाह गर्ने चलन चल्नुका कारणहरु

सबै उत्तरदाताहरुबाट रातमा विवाह गर्ने चलन हटेर दिनमा मात्र विवाह गर्ने चलन छ भन्ने उत्तर आएर यसको कारण के होला भनि सोध्दा उनीहरुले विभिन्न विचारहरु व्यक्त गरे । यहाँ उल्लेखनिय पक्ष के छ भने अधिकांश घरका जेष्ठ सदस्यहरुको विवाह रातमा भएको थियो । उनीहरुका अनुसार रातको विवाहमा मानिसहरले रक्सि सेवन गरी झै-झगडा गर्थे । त्यस्तै रातको विवाह लामो भई धेरै समय लाग्ने र धेरै पाहुनाहरुलार्य पाल्नुपर्ने हुदाँ बढि खर्चिलो समेत हुन्छ । रातमा इष्ट मित्र, जन्तिहरुलाई बस्न तथा सुत्नको व्यवस्था गर्न गाह्रो हुन्छ । रातको विवाहमा दोहोरो भत्तेर खुवाउनु पर्नेहुदाँ माईती पक्षलाई बढि आर्थिक भार पर्छ । रातको विवाह गर्न टाढाटाढा जानुपर्दा सुत्नको पनि समस्या त्यस्तै आजकल टाढाटाढा समम जानको लागि यातायातको साधनहरु पाइने हुनाले धेरै टाढा पनि समयमा नै जान सम्भव हुन्छ ।

पहिला धेरै प्रचलनमा रहेको रातीमा विवाह गर्ने चलन अहिले कम प्रचलित छ । धेरै टाढा जानुपर्दा दिनमा सम्भव नहुने अवस्था बाहेक सामान्य अवस्थामा रातको विवाह गरिदैन । यसमा मुख्य भुमिका खेल्ने कुराहरुमा यातायातका साधनहरुको विकास, मानिसहरुको व्यस्तता बढि भएर लामो समय दिन नसक्नु हो । पहिला विवाहलाई मनोरञ्जनको साधनको रपमा पनि

लिइन्थ्यो तर अहिले मनोरञ्जनका अन्य साधनहरको विकासले गर्दा पनि यसलाई कम महत्वको रुपमा हेर्न थालेको पाइन्छ ।

### ५.१३ जोडी छनौट गर्ने प्रकृयामा आएका परिवर्तनहरु

नेपालमा क्षेत्री समुदायको विवाह गर्ने परम्परागत तरिका मागि विवाह हो । यस किसिमको विवाहमा आफ्ना अभिभावकले आफ्ना छोराछोरिको लागि उपयुक्त जोडि छनोट गरिन्छन् । यसरी आफ्ना छोराछोरीको लागि आफ्नै जाति भित्र उपयुक्त जोडि छनौट गर्नकालागि छनौटका केहि आधारहरु बनाएका हुन्छन् । यस्ता छनौट गर्ने आधारहरुमा समय अनुसार परिवर्तन भएको पाइन्छ । पहिला क्षेत्री समाज कृषिमा आधारित हुदाँ खेतिपाति गर्न जान्ने घरायसि कामधन्दा गर्ने सिप भएकि, शारीरिक बनावट हट्टाकट्टा भएकि, छिटोछरितो भएकि कुल घरानको केटिलाई छनौट गरिन्थ्यो भने घरमा सम्पत्ति भएको कृषिमा कामगर्ने सिप भएको, शारिरीक रुपमा स्वस्थ र फुर्तिलो केटा हेरिन्थ्यो भने अहिले अभिभावकले छोराछोरीको लागि उपयुक्त जोडि छनौट गर्ने आधारहरुमा परिवर्तन आएका छन् ।

अध्ययनमा छनौट गरिएका सम्पुर्ण उत्तरदाताहरुलाई तपाईले छोरा वा छोरीको लागि जोडि छनोट गर्दा कुन-कुन पक्षलाई बढि महत्व दिनुभयो वा दिनुहुन्छ भनि सोध्दा निम्न अनुसारको प्रतिक्रिया प्राप्त भयो ।

**तालिका नं. २२: जोडि छनौट गर्ने प्रमुख आधाहरु**

| सि.नं. | प्रमुख आधारहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शिक्षा | १२ | २०.६८ |
| २. | व्यवहार | १९ | ३२.७७ |
| ३. | कुलघरान | ८ | १३.७९ |
| ४. | पेशा | ९ | १५.५२ |
| ५. | सम्पत्ति | ६ | १०.३५ |
| ६. | रुप बनोट | ४ | ६.९९ |
| | **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

उत्तरदाताहरुका अनुसार आफ्नो छोरा वा छोरीलाई जोडि छनौट गर्दा कुन पक्षलाई आधार मानेर विवाह गरिदिनु भयो वा गरिदिनु हुनेछ भन्दा सबैभन्दा बढि व्यवहारलाई आधार मानेर ३२.७७ प्रतिशतले जोडि छनौट गर्ने बताए २०.६८ प्रतिशतले शिक्षालाई प्राथमिकता दिएका छन् भने १५.५२ ले पेशालाई, १३.७८ ले कुलघरानलाई, १०.३५ ले सम्पत्तिलाई र ६.९९ प्रतिशतले शारिरिक वनावट तथा रुपरंगलाई प्राथमिकता दिने गरेको बताए । पहिला हातको सिप, खेतबारिमा काम गर्न सक्ने, कुलघरानकी हट्टाकट्टा, घर व्यवहार गर्न सक्नेलाई बढि प्राथमिकता दिई जोडि छनौट गरिन्थ्यो भने अहिले त्यसमा पुर्ण रुपमा परिवर्तन आई शिक्षा, पेशा, व्यवहार, घर भित्र भन्दा बाहिर काम गर्न सक्ने क्षमता भएको बुहारी अथवा ज्वाइँ खोजेर विवाह गर्ने गरेको पाइयो ।

### ५.१३.१ छोराको विवाहको लागि जोडी छनौटका प्रमुख आधारहरमा परिवर्तन आउनुका कारणहरु :

छोराको लागि जोडी छनौट गर्दा माथी तालिकामा शिलस्वभाव वा राम्रो वानी व्यवहारले परिवारमा सबैलाई मान मर्यादा गर्ने, सासु ससुराको वा घरपरिवारको उचित रेखदेख हुने धारणा व्यक्त गरे । पढाइ भए हरेक कुरा बुभ्न सक्ने क्षमता हुने समझदार हुने बुहारी शिक्षित भइ जागीर खाइ आत्म निर्भर हुने, छोराछोरीको पालन पोषण राम्रोसँग हुने बताए । जागिर भएमा आत्मनिर्भर हुने, परिवारको उचित पालनपोषण हुने धारणा उत्तरदाताहरले व्यक्त गरे । बुहारी वा ज्वाँइले उपयुक्त पेशा अपनाएर रोजगारी भयो भने जिवन यापन गर्न सजिलो र आयश्रोत पनि राम्रो हुनेछ। कुलघरानले परिवारको पृष्ठभुमी मिल्दो आर्थिक अवस्था बारे बताउछ। यसले व्यक्तिले देखाउने व्यवहारको पनि प्रतिनिधित्व गर्छ। “कुलकी नानी, मुलकी पनि” भन्ने उखान धेरै उत्तरदाताहरुले दोहोऱ्याए। यसको मतलव रामौ कुलघरानकी छोरी मुलको पानी जस्तै शुद्ध र स्वच्छ हुन्छीन भन्ने अर्थ लाग्छ । उत्तरदाताहरुले सम्पत्ति भए इज्जत रहन्छ भन्ने मनसाय व्यक्त गरिएको पाइयो जुन अप्रत्यक्ष रपमा दाइजो वा दान दक्षिणासँग सम्बन्धित छ। सुन्दरता मन पराउने मानविय स्वभाव हो, जसले पछि सन्तानमा समेत वंशानुगत प्रभाव पार्ने कुरा उत्तरदाताहरुले बताउछन् । निम्न कारणहरुले गर्दा नै छोराको विवाह गर्दा तालिकामा दिए अनुसारको प्रमुख आधारहरुलाई बढी प्राथमिकता दिइएको पाइयो ।

### ५.१३.२ छोरीको जोडी छनौट गर्दा पहिलेको भन्दा फरक आधारहरुलाई प्राथमिकता दिनुका कारणहरु

छोराको लागि जोडी छनौट गर्ने निश्चित आधारहर भएजस्तै छोरीको लागि उपयुक्त जोडीको छनौट गर्दा पनि निशिचित आधारहरु स्थापित गरिएको हुन्छ। आधारहर मोटामोटी एउटै भएपनि छोराको जोडी छनौट गर्ने प्राथमिक कारणहरु फरक हुन्छन्। उत्तरदानताहरुलाई छोरीको लागि उपयुक्र जोडी छनौट गर्दा किन माथि तालिकाका आधारहरुलाई प्राथमिकता राख्नुभयो भनि सोचिएको प्रश्नमा पेशा भयोभने छोरी र जन्मने सन्तानले सुख पाउने तथा जिउने आधार हुने बताए। त्यस्तै पढाइ भएमा पेशा पाउन सजिलो हुनु पढेका मानिसहरले हरेक कुरा बुझ्ने, घर व्यवहारमा सजिलो हुने, इष्टमित्र तथा श्रीमतिको राम्रोसँग कदर गर्नसक्ने बताए। सिलस्वभाव असल भएन राम्रो बानी र कुलतमा फस्ने सम्भावना हुदैन जसले परिवारमा सुखशान्ति कायम रहन्छ। कुलघरान र सम्पत्ति भए जिवन सुख हुने, परिवार सभ्य हुने, बच्चाहरु सुसंस्कृत हुने असल बानी सिक्ने बताए।

यसरी आफ्ना अभिभावकहरुले आफ्ना छोरा छोरीका लागि जोडी छनौट गर्दा निश्चित आधारहरु तयार गरी छानेका हुन्छन्। छोरीको लागि जोडी छनौट गर्दा पहिलो प्राथमिकता पेशालाई राख्नुको अर्थ छोरीलाई सुख प्राप्त होस् भन्ने चाहना हो। पेशाले आर्थिक पक्षसँग सम्बन्ध राखेको हुन्छ तर छोराको लागि जोडी छनौट गर्दा पढाइलाई वढी ध्यान दिनुको अर्थ महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने मान्यता हो। क्षेत्री समुहमा महिला आफ्नै खुट्टामा उभिनु पर्दछ, आयआर्जन गर्नु पर्दछ भन्ने मान्यताको विकास भइसकेको छ। यस समाजमा पनि आफ्नो रुचि चाहना अनुसारको प्रेम विवाहको चलन फस्टाउने क्रममा रहेको छ। अहिलेको आधुनिक पुस्ताका युवा युवतीले आफ्नो लागि जोडी छान्दा आयआर्जनलाई जोडी छनौटको प्रमुख आधार बनाउछन्। परमपरागत पुर्ख्यौली पेशा भन्दा अन्य पेशा अंगाल्ने हुनाले आफ्नो अभिभावकको जोडी छनौटमा हस्तक्षेप नहोस् भन्ने चाहन्छन्।

# अध्याय छ

## ६.१ सारांश

नेपालमा बसोबास गर्ने विभिन्न जातजाति मध्य क्षेत्री जाति प्रमूख जाति हो। नेपाली समाजमा क्षेत्री जातिको आफ्नै परम्परा, सस्कार, भाषा, धर्म , मूल्यमान्यता, संस्कृति र विभिन्न चालचलन रहेको पाईन्छ। यो अध्ययन नेपालको क्षेत्री समूहको विवाह संस्कारसँग सम्बन्धित रहेको छ। जातिय परम्परा अनूसार नै विभिन्न संस्कारहरु जस्तो विवाह, ब्रतबन्ध, न्वारन,पास्नी ,श्राद्द, तथा मृत्यू पश्चात काजक्रिया गर्ने चलन छ। यहाँको समूदायले तल्लो जातका मानिसले छोएको नखाने परम्परा छ। प्राचिन समयमा रजस्वला हूनूभन्दा पहिला विवाह गर्नूपर्छ भन्ने मान्यता रहेको पनी हाल आएर १८ वर्ष देखी माथि केटीको र २० बर्ष भन्दा माथि केटाको विवाह गरीदिने कानूनि मान्यता छ। अध्ययन क्षेत्रका व्यक्तिहरुको चाडवाड, परम्परा , संस्कार, विभिन्न देवि देवताको पूजा र मृत्यू पर्यान्त सम्मको संस्कारमा परम्परागत मौलिकता रहेको पाईन्छ।

यहांका क्षेत्री जातिहरु परम्परागत मूल्यमान्यता र संस्कारमा आधारित भएर विवाह कार्यक्रम सम्पन्न गर्दछन्। परम्परागत रुपमा चलिआएको मागि विवाहलाई हालसम्म पनि अबलम्बन् गर्दै आएका छन्। मागि विवाह विशेष गरी सगोत्री, सपीन्ड बाहेक सजातिय व्यक्तिहरुसँग गर्ने चालचलन छ। यसरी विवाह गर्दा केटा र केटी पक्षका अभिभावक, नातेदतर वा ईष्टमित्र मार्फत कुरा ल्याएर केटी माग्ने चलन छ। केटी मागिसकेपछी शूभ अशूभ ग्रहदशा हेराएर विवाह गराईन्छ। विवाहका लागि समेत ज्योतिषबाट साईत हेर्ने चलन छ। त्यस्तै हालका दिनहरुमा प्रेम विवाहको पनि प्रचलन बढ्दै गएको पाईन्छ। एक अर्को बिच मन पराएर दुवैको मन्जूरीमा विवाह गर्ने गरीन्छ। अन्तरजातिय विवाह पनि केहि मात्रामा भएको पाईन्छ। प्राचिन समयमा यस्तो विवाह गर्ने मानिसको सामाजिक हैसियत, मान प्रतिष्ठा मा समस्या रहेको पाईन्थ्यो भने हाल आएर त्यस्तो हेराई हट्दै गएको पाईन्छ। विधूर र विधूवा विवाहलाई समाजले स्वीकारेको पाईन्छ। वर्तमान समयमा आएर अदालती विवाहले पनि ठाँउ पाएको देखीन्छ। नेपालको र विदेशमा समेत छरिएर रहेको क्षेत्रि समूहको विवाह संस्थामा आएका परिवर्तनहरुको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रको बसोबास गर्दै आएका परिवर्तनका पक्षहरुको विश्लेषण गरी उक्त क्षेत्रमा रहेको क्षेत्री समुहको विवाह संस्थामा परिवर्तन ल्याउने मूख्य भूमिका खेल्ने कारक तत्वको पहिचान गरि व्याख्या गर्नु यो अध्ययनको मूख्य उद्देश्य हो। अध्ययनको लागि उद्देश्य पुर्ण नमूना छनौट विधि अनूसार हेटौंडा उपमहानगरपालिका वडा नं ७ मा ५८ घरधूरी छनौट

गरीएको थियो । छनौटमा परेको प्रश्नावलिमा भएका प्रश्नहरुबाट धारणा बूझी प्राथमीक तथ्याङक संकलन गरीएको छ । संकलन गरीएको तथ्याङकलाई तालिका बनाई त्यस तथ्याङकको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । अधिकांश तथ्याङकलाई प्रतिशतको आधारमा व्याख्या विश्लेषण र तूलना गरीएको छ। यस शोध अध्ययनको सारांश लाई बुदागत रुपमा तल प्रस्तूत गरीएको छ।

अध्ययन क्षेत्रमा रहेको १२९ घरधूरी क्षेत्री जाति मध्यबाट ४५ प्रतिशत दरले ५८ घरधूरीलाई अध्ययनमा समावेश गरीएको छ । अध्ययनमा छनौट उत्तरदाताहरुको लैङ्गिक विवरणमा ५५.१७ प्रतिशत महिला र ४४.८३ प्रतिशत पुरुष रहेका छन् । अध्ययनमा छनौट उत्तरदाताहरुको उमेरगत विवरण मध्य सबैभन्दा बढी ४०-५९ वर्ष समुह ५० प्रतिशत रहेका छन् त्यसैगरी २०-३९ वर्ष समुहका ३७.९३ प्रतिशत र ६० वा सो भन्दा माथिका उमेर समुह १२.०७ प्रतिशत रहेका छन्। अध्ययनमा छनौट गरिएका उत्तरदाताहरुको शैक्षिक विवरण मध्य सबैभन्दा बढी ४८.२८ प्रतिशत आई.ए. वा सो सरह रहेको छ भने ६.८९ प्रतिशत निरक्षर रहेको छन्। उत्तरदाताहरुको पेशागत विवरणमध्ये व्यापार/व्यवसाय ३४.४८ प्रतिशत, कृषि १८.९७ प्रतिशत, स्वदेशमा अन्य जागिर १५.५२ प्रतिशत, विद्यार्थी १२.०६ प्रतिशत, सरकारी जागिर ८.६३, विदेशमा जागिरे ६.९० र पेन्सन ३.४४ प्रतिशत रहेको छ । त्यसैगरी उत्तरदाताहरुको धार्मिक विवरणमा सवैभन्दा बढी हिन्दु धर्म मान्ने ९६.५५ प्रतिशत र खिष्टियन धर्म मान्ने ३.४५ प्रतिशत रहेको छ। उत्तरदाताहरुको वैवाहिक स्थितिको विवरण मागि विवाह गर्ने ४६.५५ प्रतिशत, प्रेम विवाहमा ३२.७६ प्रतिशत, अन्तरजातिय विवाहमा ८.६२ प्रतिशत, भागि विवाहमा ५.१७ प्रतिशत, अविवाहित, र विधुर वा विधवा विवाहमा ३.४५ प्रतिशत रहेका छन् ।अध्ययनमा छनौट गरिएका उत्तरदाताहरुको पारिवारिक संरचनामा सवैभन्दा बढी एकल परिवार ६७.२५ प्रतिशत र सवैभन्दा कम संयुक्त परिवार ३२.७५ प्रतिशत रहेका छन्।

अध्ययन क्षेत्रमा प्रचलित विवाहहरुमा मागि विवाह ४३.५५ प्रतिशत, प्रेम विवाहमा २०.९६ प्रतिशत,प्रेम मार्फत मागि विवाहमा १२.९० प्रतिशत, अन्तरजाति विवाहमा ११.२९ प्रतिशत, भागि विवाहमा ६.४६ प्रतिशत, विधुर वा विधवा विवाहमा ३.२२ प्रतिशत र अदालति विवाह गर्ने १.६२ प्रतिशत रहेका छन्। विवाह गर्ने विधिमा आएका परिवर्तनहरु सम्वन्धी धारणामा सबै भन्दा बढी विवाह गर्ने विधिमा परिवर्तन भएका छ भन्नेमा ८९.६६ प्रतिशत र सबैभन्दा कम विवाह विधि परिवर्तन भएको छैन भन्नेमा १०.३४ प्रतिशत रहेका छन्। विवाह गर्ने

जोडिको उमेरमा आएको परवर्तनको अवस्थाको विवरणमा सबैभन्दा बढी २०-२५ वर्ष सम्म ४१.३८ प्रतिशत, २५-३० वर्षका ३४.४९ प्रतिशत र १५-२० उमेर समुहका १५.५१ प्रतिशत रहेका छन्। विवाह गर्ने जोडिको उमेरमा आएको परिवर्तन सम्वन्धि धारणामा उमेरको अन्तर घटेकोमा ९८.२७ प्रतिशत र बढेको भन्नेमा १.७३ प्रतिशत रहेको छ। अध्ययन क्षेत्रमा रहेका विवाहित व्यक्तिहरुको वैवाहिक अवस्थामा सवैभन्दा बढी सँगै बस्ने ८१.०४ प्रतिशत, सम्वन्ध विच्छेद गरेका र विधवा ६.८९ प्रतिशत र विधुर ५.१८ प्रतिशत रहेका छन्। अध्ययन क्षेत्रमा कस्तो प्रकारको विवाहमा सम्वन्ध विच्छेद हुने गरेको छ भन्ने धारणामा भागि विवाहमा ४८.२७ प्रतिशत, प्रेम विवाहमा ३२.७६ प्रतिशत, अन्तरजातिय विवाहमा १३.७९ प्रतिशत र अदालती विवाहमा ५.१८ प्रतिशत भन्ने धारणा आएको छ। अध्ययन क्षेत्रमा सम्वन्ध विच्छेद भएका कुल ४ जना व्यक्तिहरुमा मागि विवाह मार्फत सम्वन्ध विच्छेद गर्ने ७५ प्रतिशत र प्रेम विवाहमार्फत २५ प्रतिशत रहेका छन्। अध्ययन क्षेत्रमा सजातिय र अन्तरजातिय विवाहित जोडिको विवरणमा सजातिय विवाह गर्ने ८७.९४ प्रतिशत र अन्तरजातिय विवाह गर्ने १२.०६ प्रतिशत रहेका छन्। उत्तरदाताहरुको दाईजोको चलन सम्वन्धी धारणाहरुमा दाईजोको चलन बढ्दै गएको हो भन्नेमा ७२.४२ प्रतिशत र दाईजोको चलन घटदै गएको हो भन्नेमा २५.५८ प्रतिशत रहेको छन्। उत्तरदाताहरुले कस्तो प्रकारको दाईजोलाई प्रयोगमा ल्याएका छन् भन्ने अवस्थामा सवै भन्दा वढि जिन्सीमा ८४.४९ प्रतिशत केहि नल्याएकोमा १०.३४ प्रतिशत र नगदमा ५.१६ प्रतिशत घरमा विवाह गर्ने ३२.७६ प्रतिशत र मन्दिरमा विवाह गर्ने २६.५८ प्रतिशत रहेका छन्। उत्तरदाताहरुको पुनर्विवाह सम्बन्धि धारणामा पुनर्विवाह गर्ने चलन बढेको हो भन्नेमा ९३.१० प्रतिशत र घटेको हो भन्नेमा ६.९० प्रतिशत रहेको छ। उत्तरदाताहरुको विधवा र विधुर विवाह सम्बन्धि धारणामा विधवा वा विधुर विवाह हुन थालेको छ भन्नेमा ७७.५८ प्रतिशत र हुनथालेको छैन भन्नेमा २२.४२ प्रतिशत रहेको छन्।अध्ययन क्षेत्रमा जोडि छनौट गर्ने प्रमुख आधारहरुमा व्यवहारमा ३२.६६ प्रतिशत, शिक्षामा २०.६८ प्रतिशत, पेशामा १५.५२ प्रतिशत, कुल घरानामा १३.७९ प्रतिशत, सम्पतिमा १०.३५ प्रतिशत र रुप बनोटमा ६.८९ प्रतिशतलाई आधार मानेर जोडि छनौट गरेको पाईयो।

## ६.२ निष्कर्ष

यहँका क्षेत्री जातीहरुको आफ्नै परम्परागत सामाजिक साँस्कृतिक विशेषताहरु छन्। दिन प्रतिदिन भएको विकास प्राविधिक प्रगति विश्वव्यापीकरण आदिका कारणले यस समुदायका मानिसको सामाजिक आर्थिक र साँस्कृतिक मुल्यमान्यतामा परिवर्तन हुदै गएको छ। जसमा

जन्ममृत्यु र विवाह संस्कार लगायत चाडपर्व र अन्य धार्मिक संस्कार तथा परम्परामा पनि परिवर्तन हुदै आएको छ । यस समुदायमा विकासका कारण शिक्षा, चेतना र आर्थिक पक्षमा सुधार भएपनि पुरानो परम्परा र मुल्यमान्यतामा भने दिन प्रतिदिन परिवर्तन देख्न सकिन्छ । छोरीहरु शिक्षाबाट बञ्चित तथा कम उमेरमा विवाह गरिदिनु पर्छ भन्ने मान्यतामा परिवर्तन आई ढिलो विवाह गर्ने छोरा सरह शिक्षा दिने गरेको पाइन्छ ।

नेपालका क्षेत्रीहरुको विवाह संस्कारमा धेरै परिवर्तनहरु आएका छन् । परम्परागत रुपमा चलिआएको मागी विवाह गर्ने परम्परामा परिवर्तन आई आफैले इच्छा अनुसार जोडि छान्ने चलन बढ्दो रुपमा छ । सानै उमेरमा विवाह गर्ने चलनमा परिवर्तन भई शिक्षा आर्जन गरी परिपक्क भएर मात्र विवाह गर्ने चलन चल्दै गएको छ भने विवाहित जोडिको उमेरको अन्तर पनि कम हुदैछ । रातमा घरेबाट लामो विधिवधानहरुद्वारा गरिने विवहको सट्टा दिनमा, मन्दिरबाट वा पार्टिप्यालेसबाट संक्षिप्त र आवश्यक विधिविधानहरु मात्र गरिने छरितो विवाह पद्धतिहरु प्रयोगमा आउन थालेको छन् । क्षेत्री समुहमा अग्नी साक्षि राखेर गरिएको विवाह जन्मजन्मान्तर सम्वन्ध मानी सम्वन्ध विच्छेद हुनै नसक्ने मान्यता रहेकोमा सम्वन्ध विच्छेदका घटनाहरु बढेको छन् । त्यस्तै विधवालाई हेर्ने दृष्टिकोण र विधवा विवाहको बारेमा पनि सकारात्मक सोचाई आई रहेको छ । युवापुस्तामा जातभात र छुवाछुतको चलन हट्दै जाँदा अन्तरजातिय विवाहको चलन पनि बढ्दै गएको छ । विवाहमा दाइजोको चलन बढ्दै गइरहेको छ । पहिला घरमा नै गरिने वैवाहिक कार्यक्रम र विवाह भोज अहिले मन्दिर र पार्टी प्यालेसमा हुने गरेको छ । छोरा र छोरीको लागि उपयुक्त जोडि छनौट गर्दा ध्यान दिइने पुराना मापदण्डहरुमा परिवर्तन आई विवाहलाई आर्थिक आयआर्जनको लागि पेशा गरि आत्मनिर्भर हुन सक्ने मापदण्डलाई प्रमुख आधार मान्न थालिएको छ । आफ्नो इच्छा, चाहना, रुचि मिल्ने जीवनसाथी जहाँ पाइन्छ त्यहि विवाह गर्ने परिपाटिको थालनी हुदै गएको छ ।

क्षेत्री समुहमा परम्परागत रुपले चलि आएको विवाहका रुपहरुमा धेरै परिवर्तनहरु आएका छन् । पुरानो कृषि प्रणालिमा आधारित समाज विस्तारै परिवर्तन भई गैर कषि समाजमा रुपान्तरण हुने क्रममा रहेकोले समाजमा स्थापित पुराना मुल्य र मान्यताहरु परिवर्तन भईरहेका छन् । कृषिमा आधारित जीविकोपार्जनको रुपमा फेरिएको छ । शिक्षा, सुचना र सञ्चारको विकासले पनि पुराना मुल्य र मान्यतामा परिवर्तन ल्याइरहेका छन् । पुरानो पुस्ता र नयाँ पुस्ताको विचमा पुस्तागत र वैचारिक द्वन्दहरु चलेको छन् । विवाहमा स्थापित पुराना मुल्य मान्यताहर समयसँगै परिवर्तन हुने क्रममा छन् । आजका युवापुस्ताले लामो समयसम्म आफ्नो

काँधमा जिम्मेवारी बहन गर्न नचाहदा विवाह गर्ने उमेरमा वृद्धि भएको छ । पुराना समाजिक सम्वन्धहरुमा परिवर्तन भएर पहिला जस्तो गाँउघरमा भोज भतेर लगाएत मर्दा पर्दा गरिने सरसहयोगको भावनामा कमि आएको छ । महिला स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता र आयआर्जनमा महिलाको पहुँच बढ्दा विवाहमा हुने लैङ्गिक अवस्थामा परिवर्तन भईरहेको छ ।

मागी विवाह चलन चल्तिमा रहे पनि शुभ/अशुभ, ग्रह दशा आदि धेरै कुरामा त्यति महत्व दिइदैन भने विवाह गर्ने विधि र परम्परामा पनि समय अनुसार चल्ने गर्दछन् । विवाह गर्न धेरै समय नलगाई छोट्याएर एक दिनको विवाह गर्ने परिपाटि चलेको पाईन्छ । विवाह गर्दा धेरै प्रकारका पुजा आजा विधि विधान प्रयोग नगरी गर्नु पर्ने महत्वपूर्ण कार्य मात्र गरिन्छ । हालका दिनहरुमा केटी माग्ने छान्ने परम्परामा अभिभावकसँग मात्र सम्वन्धित नगराई केटा र केटीको मञ्जुरीमा समेत बढी ध्यान दिइन्छ । हालका दिनहरुमा विवाहमा राम्रो खानपान, लुगा, गहना आदिमा बढी खर्च गर्ने गरिन्छ । त्यसैगरी पहिलेको तुलनामा दाईजोमा पनि फरक रहेको पाइन्छ । देखासिकीका कारणले दाइजो राम्रोसँग दिनुपर्छ भन्ने परिपाटिको विकास भएको पाइन्छ । शिक्षा, चेतना आदिको विकास र उमेरका आधारमा परिपक्क भइसकेको अवस्थामा विवाह गर्ने भएकाले प्रेम विवाह बढेको पाइन्छ । विवाहका समयमा विभिन्न व्यक्तिहरुको आफ्नै किसिमको भुमिका रहेको पाइन्छ । नातेदार, दिदीबहिनी र फुपुले विवाहमा रहयोगीको भूमिका खेल्दछन् भने आमा बाबुले विवाहलाई कसरी सम्पन्न गर्ने भन्ने जिम्मेवारी लिएका हुन्छन् । हालको विवाहमा विभिन्न कारणले गर्दा ज्योतिष, पण्डित आदिको भूमिकामा पनि परिवर्तन देख्न सकिन्छ । दमाई र अन्य दलित जातिका मानिसहरु पनि विवाहमा हुनु नै पर्दछ भन्ने छैन भए पनि पहिलेको जस्तो धेरौ कम गर्नु पर्दछ भन्ने छैन । डोली बोक्ने चलनमा परिवर्तन आई सवारी साधनमा दुलहा/दुलहीलाई लैजाने गरिन्छ ।

## सन्दर्भ सामाग्री


खत्री, प्रेम र दाहाल, पेशल (२०५३), “नेपालको सामाजिक इतिहास”,
काठमाण्डौं : साझा प्रकाशन ।

घिमिरे, हरिहर (२०६१), “आधारभूत समाजशास्त्र र मानवशास्त्र”,
काठमाण्डौं : तलेजु प्रकाशन ।

देवकोटा, पद्ममलाल र ओझा, नेत्र कुमार (२०७१) “सामाजिक संस्था रप्रक्रियाहरुको विश्लेषण”, बागबजार : दिव्य देउराली प्रकाशन ।

पन्थी, लक्ष्मीकान्त (२०४२)“ब्रतबन्ध तथा विवाह संस्कार” काठमाण्डौंः लेखक स्वयम् ।

भट्ट, विनोदकुमार (२०६९) “सुदुरपश्चिमका खस जातिको विवाह संस्कृति र त्यसमा आएको परिर्वतन एक समाजशास्त्रीय अध्ययन” त्रि.वि.समाजशास्त्र/मानवशास्त्र विभाग (स्नाकोत्तर तहको अप्रकाशित शोधपत्र )

मिश्र, चैतन्य(२०६५), “बदलिदो नेपाली समाज” काठमाण्डौं : फाइनप्रिन्ट आइएनसी ।

मिश्र, चैतन्य(२०६७), “विवाहको अर्थ राजनिति” काठमाण्डौं :साझा प्रकाशन, मुल्याङ्कन।

राई, प्रकाश कुमार (२०७१), “नेपाली समाज र संस्कृतिका उपागमहरु” किर्तिपुर एकेडेमिक बक सेन्टर त्रि.वि. ।

विष्ट, डोरबहादुर (२०५२),“सबै जातको फुलबारी” ललितपुर : साझा प्रकाशन ।

सिंह, संगिता (२०७०), “क्षेत्री जातीका वैवाहिक पद्धती सम्बन्धी किर्तिपुर नगरपालिकाको समाजशास्त्रीय अध्ययन” त्रि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग ( स्नाकोत्तर तहको अप्रकाशित शोधपत्र )

सुवेदी, मधुसुधन (२०५६), “हिन्दु विवाहको इतिहास” सानेपा : श्रीमती

सानुमाया सुवेदी, ललितपुर ।

शर्मा, जनकलाल (२०३९),“हाम्रो समाज एक अध्ययन” काठमाण्डौं :

साझा प्रकाशन ।

शिवाकोटी, अनिता (२०६८),“मंहगो झन, झन महंगो विवाह”

कान्तीपुर साप्ताहिक, १६ मंसिर ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी (२०६१), “मानवशास्त्र र

समाजशास्त्रको परिचय” काठमाण्डौं : एशिया पब्लिकेशन ।

श्रेष्ठ, रमा (२०५६), “चापागाँउ गा.वि.स. स्थित प्याङ्गाउँको महार्जन,

जातिको परिवारमा प्रचलित विवाह परम्पराबारे एक

समाजशास्त्रीय अध्ययन”, त्रि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग ( स्नाकोत्तर तहको

अप्रकाशित शोधपत्र )

Bista, D.B. (1967), "The People of Nepal, Kathamandu:

Ratna Pustak Bhandar.

Bhattachan, K.B and Mishra Chaitanya(2000),"Development

Practies in Nepali" Central Department of Sociology

and Anthropology" Tribhuvan University Kathamandu"

Gray, Jhon N (1991),"Marriage and the Constitution Of

Hiercly" Contributions To Neplease Students

Kathamandu: CNAS, Vol.18 No.1.PP53-82

Gurung, Harka (2003),"Social Demogrphy Of Nepal

2001" Kathamandu: Himal Book

Khatiwada, Suman (2008),"wedding Costoms in Nepal"

Rice University USA.

Mishra, Shrikant (1994), Ancient Hindu Marriage Law and Practice" New Delhi: Deep and Deep Publication.

Regmi, R.R(1999)"dimension Of Nepal Society and Culture" Kathamandu: SAAN Research Institute.

Sharma, P.R (1977),"Caste, Social Mobility and

Sanskritization A Stusy of Nepal's Old Code 1853"

Kailash Magazine: Kathamandu Thapa, Shyam (1996)," Child Marriage in Nepal"its Prevalence and

Correlates CNAS, Valume 23 No.2, July.

## प्रश्नावली

१. तपाईको घरमा कस्तो खालको विवाह भएको छ ?

क) प्रेम   ख) मागि   ग) अन्य

२. यस्तो विवाह गर्नुको मुख्य कारणहरु के के हुन ?

) ………………………………………………

३. पहिले गर्ने विवाह विधि र अहिलेको विधिमा फरक छ कि छैन?

क) छ   ख) छैन

४. यदि छ भने के मा परिवर्तन भएको छ ?

) ………………………………………………

५. विवाह विधिमा परिवर्तन हुने मुख्य कारणहरु के-के हुन ?

)………………………………………………

६. विवाह गर्ने केटा केटीको उमेरमा परिवर्तन भएको छ कि छैन ?

क) छ   ख) छैन

७. यदि परिवर्तन आएको छ भने कारण के होला ?

) ………………………………………………

८. विवाह गर्ने जोडिको उमेरको अन्तरमा आएको परिवर्तनहरु के - के हुन् ?

) ………………………………………………

९. यसको कारण के होला ?

) ………………………………………………

१०. तपाईको गाउँमा विवाहमा सम्बन्ध विच्छेदका घटनाहरु पहिलेको भन्दा बढेका छन् कि घटेका छन् ?

क. बढेका छन्   ख. घटेका छन्

११. कस्तो प्रकारको विवाहमा बढि सम्बन्ध बिच्छेद भएको छ ?

क. मागि   ख. प्रेम   ग.अन्तरजातिय   घ.अन्य

१२.सम्बन्ध विच्छेद बढ्नुको कारण के होला ?

) ........................................................................

१३. अन्तरजातिय विवाहको वर्तमान अवस्था कस्तो छ ?

) .......................................................................

१४. अन्तरजातिय विवाहको चलनमा के कस्ता परिवर्तनहरु भएका छन् ?

) ........................................................................

१५. तपाईको घरमा दाइजो लिने वा दिने चलनको अवस्था कस्तो छ ?

क) दिने वा लिने चलन छ ख) दिने वा लिने चलन छैन

१६. दाईजो लिने वा दिने चलन छ भने कस्तो प्रकारको दाईजोको चलन छ ?

क) नगद ख) जिन्सी ग) अन्य

१७. दाइजोको चलनमा परिवर्तन वा वृद्धि हुनुका कारणहरु के के हुन ?

) ........................................................................

१८. विवाहमा गरिने भोज भतेरमा परिवर्तन आएको छ ?

क) छ ख) छैन

१९. भोज भतेरमा परिवर्तन आउनाको मुख्य कारण के के छन् ?

) ........................................................................

२०. तपाईको घरमा विवाह कुन स्थानवाट हुने गरेको छ ?

क) घर ख) मन्दिर ग) पार्टि प्यालेस घ) अन्य

२१ विवाह गर्ने स्थानमा परिवर्तन आउनुको कारण के होला ?

) ........................................................................

२२. पुर्नविवाह गर्ने चलन बढेको छ कि छैन ? यसको कारण के होला ?

क) छ ख) छैन

) ........................................................................

२३. विधुर वा विधुवा विवाह हुने गरेको छ कि छैन ?

क) छ　　　　　　　　　　ख) छैन

२४. विधवा विवाहमा वृद्धि हुनाको कारण के होला ?

/ .....................................................................

२५ विहे दिन वा रातमा गर्ने चलन छ र यसको कारण के होला ?

क) दिनमा　　　　　　ख) रातमा

/ .....................................................................

२६. जोडि छनौट गर्ने प्रकृयामा के कस्तो परिवर्तनहरु आएका छन् ?

/ .....................................................................

२७. छोरा वा छोरीको विवाह गर्दा कुन पक्षलाई बढी महत्व दिनु हुन्छ ? यसको कारण के होला ?

क) शिलस्वभाव　　　　ख) शिक्षा　　　　ग) कुलघराना

/ .....................................................................

# अर्न्तवार्ता अनुसूचि

१. अनुसन्धानका क्रममा सोधिएका प्रश्नहरु : -

सुचनादाताको विवरण

नाम :- सिता कार्की | पेशा :- व्यापार/व्यवसाय

लिङ्ग :- महिला | शिक्षा :- ८ पास

उमेर :- ४५ | वैवाहिक स्थिति :- मागि विवाह

धर्म :- हिन्दु | पारिवारिक संरचना :- एकल परिवार

२. पारिवारिक विवरण :

| क.सं. | उत्तरदाताको नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा | वैवाहिक अवस्था | पारिवारिक संरचना | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिता कार्की | ४५ | महिला | ८पास | व्यवसाय | मागि विवाह | एकल | - |
| २ | विपिन कार्की | ३१ | पुरुष | स्नातक | जागिरे | मागि विवाह | एकल | - |
| ३ | रुपा कार्की | २४ | महिला | स्नात कोत्तर | विधार्थि | अविवाहित | एकल | - |
| ४ | रुपेश कार्की | २१ | पुरुष | स्नातक | विधार्थि | अविवाहित | एकल | - |
| ५ | रुजन कार्की | १७ | पुरुष | १२ | विधार्थि | अविवाहित | एकल | - |

# प्रश्नावली

८. तपाईको घरमा कस्तो खालको विवाह भएको छ ?

क) प्रेम ख) मागि ग) अन्य

९. यस्तो विवाह गर्नुको मुख्य कारणहरु के के हुन ?

) घर परिवारको रोजाई

१०. पहिले गर्ने विवाह विधि र अहिलेको विधिमा फरक छ कि छैन?

क) छ ख) छैन

११. यदि छ भने के मा परिवर्तन भएको छ ?

) विवाह विधिहरु छोटो हुनु वा पहिलेको सबै विधिहरुलाई छोट्याउनु वा नगर्नु, केटा केटीको मञ्जुरीमा मात्र विवाह हुनु

१२.विवाह विधिमा परिवर्तन हुने मुख्य कारणहरु के-के हुन ?

) मानिसको व्यस्त जिवनशैली, पहिलाको विधि लामो भएकोले समय अनुसार त्यसलाई छोटकरी बनाउन

१३.विवाह गर्ने केटा केटीको उमेरमा परिवर्तन भएको छ कि छैन ?

क) छ ख) छैन

१४. यदि परिवर्तन आएको छ भने कारण के होला ?

) शिक्षाले गर्दा कम उमेरमा विवाह गर्न हुदैन परिपक्क र आत्मनिर्भर भएर मात्र विवाह गर्नुपर्छ भन्ने चेतनाको विकास

८. विवाह गर्ने जोडिको उमेरको अन्तरमा आएको परिवर्तनहरु के - के हुन् ?

) केटाकेटीले एउटै उमेर वा थोरै मात्र घटबढ गरि जोडि छान्नु ,आफु परिपक्क भएर आफ्नो जोडी आफै छान्न सक्ने क्षमतामा वृद्धि ।

९. यसको कारण के होला ?

) कानुनद्वारा नै वालविवाहमा रोक लगाउनु , उमेरको अन्तरमा धेरै फरक हुदाँ इच्छा,चाहना नमिल्ने ।

१०. तपाईको गाउँमा विवाहमा सम्बन्ध विच्छेदका घटनाहरु पहिलेको भन्दा बढेका छन् कि घटेका छन् ?

क. बढेका छन्                    ख. घटेका छन्

११. कस्तो प्रकारको विवाहमा बढि सम्बन्ध बिच्छेद भएको छ ?

क. मागि          ख. प्रेम          ग.अन्तरजातिय          घ.अन्य

१२.सम्बन्ध विच्छेद बढ्नुको कारण के होला ?

- मागि विवाहमा प्राय आफ्नो भन्दा घरपरिवारको रोजाइले गर्दा पछि कुरा नमिल्नु , महिलाहरु पुर्ण रुपमा अरुमा आश्रीत नहुनु वा आफै रोजगारि हुनु

१३. अन्तरजातिय विवाहको वर्तमान अवस्था कस्तो छ ?

- अन्तरजातिय विवाह गर्दा घर परिवारको सहमति खासै नहुने र समाजले सजिलै स्वीकार नगर्ने ।

१४. अन्तरजातिय विवाहको चलनमा के कस्ता परिवर्तनहरु भएका छन् ?

- पहिल्लो युवा पुस्ताले जातलाई बढी प्राथमिकता नदिई आफ्नो मन मिल्ने, कुरा मिल्ने योग्य जोडि छान्ने गरेको ।

१५. तपाईको घरमा दाइजो लिने वा दिने च  को अवस्था कस्तो छ ?

क) दिने वा लिने चलन छ     ख) दिने वा लिने चलन छैन

१६. दाईजो लिने वा दिने चलन छ भने कस्तो प्रकारको दाईजोको चलन छ ?

क) नगद   ख) जिन्सी          ग) अन्य

१७. दाइजोको चलनमा परिवर्तन वा वृद्धि हुनुका कारणहरु के के हुन ?

- छोराछोरीलाई समान दृष्टिले हेर्नु,  आफ्नो कुलघरानाको इज्जत, मान प्रतिष्ठाको लागि, देखासिकिको कारणले गर्दा ।

१८. विवाहमा गरिने भोज भतेरमा परिवर्तन आएको छ ?

क) छ                    ख) छैन

१९. भोज भतेरमा परिवर्तन आउनाको मुख्य कारण के के छन् ?

- आर्थिक हैसियत वृद्धि भई खर्च गर्ने क्षमतामा वृद्धि ।

२०. तपाईको घरमा विवाह कुन स्थानवाट हुने गरेको छ ?

क) घर　　　ख) मन्दिर　　　ग) पार्टि प्यालेस　　　घ) अन्य

२१ विवाह गर्ने स्थानमा परिवर्तन आउनुको कारण के होला ?

) पार्टि प्यालेसवाट विवाह गर्दा सामानहरु जुटाउन झन्झट नहुने ,मानिसको व्यस्त जीवनशैली ।

२२. पुर्नविवाह गर्ने चलन बढेको छ कि छैन ? ``सको कारण के होला ?

क) छ　　　ख) छैन

) कानुनी प्रावधानहरु महिलाको पक्षमा हुनु, महिलाहरु शिक्षित हुनु वा केटामा नै आश्रीत नहुनु

२३. विधुर वा विधुवा विवाह हुने गरेको छ कि छैन ?

क) छ　　　ख) छैन

२४. विधवा विवाहमा वृद्धि हुनाको कारण के होला ?

) शिक्षाले गर्दा पुरानो मान्यता, विचारहरुमा परिवर्तन आउनु र विधवालाई हेर्ने दृष्टिकोण सकारात्मक हुदै जानु ।

२५ विहे दिन वा रातमा गर्ने चलन छ र यसको कारण के होला ?

क) दिनमा　　　ख) रातमा

) रातको विवाह बढि झन्झटिलो र लामो हुने हुदाँ समय र खर्च बढी हुने ।

२६. जोडि छनौट गर्ने प्रकृयामा के कस्तो परिवर्तनहरु आएका छन् ?

) खेतबारी, घरमा मात्र काम गर्ने नभई शिक्षित, राम्रो व्यवहार र रोजगारीलाई बढि प्राथमिकता दिने

२७. छोरा वा छोरीको विवाह गर्दा कुन पक्षलाई बढी महत्व दिनु हुन्छ ? यसको कारण के होला ?

क) शिलस्वभाव　　　ख) शिक्षा　　　ग) कुलघराना

) घर परिवारको उचित रेखदेख गर्न सक्ने हुने, व्यवहार राम्रो हुने अपेक्षा हुन्छ ।